अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : १९ / २०८२ मंसिर १९ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Dec. 5, 2025 / मूल्य रू. १०/-

प्रधाानमन्त्री कार्की नियुक्ति पहिला कि संसद विघटन पहिला ?

काठमाडौ । प्रधानमन्त्री सुशिला कार्की नेतृत्वको सरकार आफैंमा असम्वैधानिक रहेकाले गर्दा र जेनजीहरूको विरोध प्रदर्शनको जगमा बनाइएको हुनाले कार्की सरकारले निर्वाचनको माहोलसम्म बनाउन सकेको छैन । आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने मुख्य जिम्मेवारी पाएको सरकारले सरूवा, बढुवा र नियुक्तिसम्म गर्न थालेको मात्र छैन मुलुकलाई नै दुरगामी असर पर्ने निर्णयहरू समेत गर्न थालेको हुनाले त्यसको विरोध हुँदै आएको छ ।

निर्वाचन वातावरण बनाउन प्रधानमन्त्री कार्कीले नै सबै राजनीतिक दलका मुख्य नेताहरूसँग सम्वाद गर्नुपर्नेमा उनले ३ महिनासम्मका

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

जेनजीहरूको विरोध प्रदर्शनको फाइदा हाइज्याकहरूलाई

काठमाडौ । निर्वाचनको मिति नजिकिँदै गर्दा समेत राजनीतिक दलहरू र जनतामा कुनै प्रकारको उत्साह देखिएको छैन । फागुन २१ गते संसदको निर्वाचन गर्ने मुख्य म्याण्डेट पाएकी प्रधानमन्त्री सुशिला कार्की आफैं दोधारमा रहेकी छन् ।

कतै सर्बोच्च अदालतले आफ्नो नियुक्तिलाई बदर गरिदिन्छ कि भन्ने चिन्तामा उनी रहेको उनी नजिकैको व्यक्तिहरूले बताउन थालेका छन् । मुलुकका अहिलेका ठुला दल रहेका नेपाली कांग्रेस र नेकपा एमालेले प्रधानमन्त्री कार्कीको नियुक्ति र संसद विघटन असम्वैधानिक ठहर गरिरहेका छन् भने अहिलेसम्म प्रधानमन्त्री कार्कीले नेपाली कांग्रेसका सभापत शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी ओलीसँग वार्ता

>>> बाँकी ८ पेजमा

तत्कालिन कार्यवहाक प्रधानमन्त्रीले राष्ट्रपतिलाई लेखेको पत्र सार्वजनिक गरियोस्

काठमाडौ । भाद्र २७ गते राष्ट्रपति रामचन्द्र पौडेलेले सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा आफूले तत्कालिन कार्यवहाक प्रधानमन्त्री केपी ओलीकै सिफारिसमा नियुक्त गरेको बताउँदै आएका छन् भने नेकपा एमालेका अध्यक्ष समेत रहेका ओलीले आफूले संविधान सम्वत् ढँगले प्रधानमन्त्रीमा नियुक्त गर्न सिफारिस गरेको र संसद विघटन गर्न आफूले सिफारिस नगरेका बताइरहेका हुनाले सत्य तथ्य के हो ? अब त्यसको जानकारी राष्ट्रपति कार्यालयले दिनैपर्दछ । भाद्र २४ गते कार्यवहाक प्रधानमन्त्री रहेका ओलीले राष्ट्रपतिलाई लेखेको पत्र राष्ट्रपति कार्यालले सार्वजनिक गर्नुपर्दछ ।

>>> बाँकी ८ पेजमा

प्रधानमन्त्रीको नियुक्ति र संसद विघटन दुवै असम्वैधानिक ?

राष्ट्रपतिले देशद्रोही घोषणा गर्छु र जेनजीहरू रुँदै गएकोले प्रधानमन्त्री बनेकी हुँ : प्रधानमन्त्री कार्की

देवेन्द्र चुडाल

काठमाडौ । गत भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद् २४ गते भएको विध्वंशात्मक काण्ड पछि मुलुकको राजनीतिक अवस्थामा केही परिवर्तन हुने सम्भावना देखिएको छ । भाद्र २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको उल्लंघन गर्दै सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेर संसद विघटन गर्नु यी दुवै कार्य असम्वैधानिक र लोकतान्त्रिक पक्रिया विरूद्धको कार्य हुन् । संविधानले सर्बोच्च अदालतका पूर्व प्रधानन्यायाधिश र न्यायाधिशलाई मानव अधिकार आयोग बाहेक अन्य ठाउँमा नियुक्त गर्न रोक लगाएको छ भने संविधानले प्रतिनिधिसभाको सदस्य बाहेक अरूलाई प्रधानमन्त्री बन्न नसक्ने व्यवस्था गरेकोमा यी दुवै प्रावधानलाई उल्लंघन गर्दै कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेर आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराउने जिम्मेवारी दिएको छ । प्रतिनिधिसभाको विघटन नगरि प्रधानमन्त्रीमा कार्कीलाई नियुक्त गरिएको र उनैको सिफारिसमा प्रतिनिधिसभा विघटन गरिएको हुनाले ५ वर्षको कार्यकाल रहेको प्रतिनिधिसभा र त्यसका सदस्यहरूमाथि प्रधानमन्त्री कार्कीले घात गरेकी छन् ।

जेनजीहरूको विरोध प्रदर्शनको मुख्य माग सुशासन र भ्रष्टाचार नियन्त्रण रहेको थियो । प्रतिनिधिसभा विघटन हुनुपर्ने माग कहिँ कतै थिएन तर जेनजीहरूको विरोध प्रदर्शनमा घुसपैठ गरेका आपराधिक समूहहरूले जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर अनेक माग अघि सारेका थिए । भाद्र २४ गते मुलुकभरमा एकै पटक विध्वशंसात्मक कार्य भए । सिंहदरबार जलाइयो, सर्बोच्च अदालत जलाइयो । जेलमा रहेका कैदी बन्दीहरूलाई भगाइयो, प्रहरी कार्यालयमा आगजनी गर्दै हातहतियार, गोली गठ्ठाहरू लुटिए भने व्यवसायिक भवनहरू जलाइयो यी सबै कार्य आपराधिक समूहहरूबाट भएका थिए । जेनजीहरूको विरोध प्रदर्शन २३ गते १२ बजे नै समाप्त भएको भन्दै जेनजी अगुवाहरूले

>>> बाँकी ८ पेजमा

सरकारबाटै सर्वोच्च अदालतको आदेश उल्लंघन

काठमाडौ । भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्त भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश समेत रहेकी सुशिला कार्की नेतृत्वको सरकारको मुख्य म्याण्डेट भनेको आउँदो फागुन २१ गते संसदको निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु नै हो ।

कार्की सरकारले आफूले पाएको मुख्य म्याण्डेटको वेवास्ता गर्दै कर्मचारीको सरूवा, बढुवा, राजदूतहरूलाई फर्ता बोलाएर र यस अघिको सरकारले गरेका निर्णयहरू उल्टाउन थालेकी छन् । कार्की सरकारले विभिन्न १० देशका राजदूत फिर्ता बोलाएकोमा त्यसका

>>> बाँकी ८ पेजमा

प्रधानमन्त्रीकै कारण जेनजीहरूलाई अर्को धोका

काठमाडौ । सुशिला कार्कीलाई भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्त गर्दा एक होइन दुई वटा महत्वपूर्ण सम्वैधानिक प्रावधानहरू उल्लंघन भएका छन् । प्रथम हो उनी सांसद थिइनन् दोस्रो हो उनी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश हुनु । यी नहुँदा पनि उनलाई संविधानको उल्लंघन गर्दै प्रधानमन्त्रीमा नियुक्त गरिनुको खास कारण उनी परिपक व्यक्ति, नातावाद, कृपावाद र भ्रष्टाचार विरोधी छवि र कानुनी पृष्ठभूमि थियो । तर सत्तामा पुगेरपछि उनले बोलीमा लगाम लगाउन सकिनन् नत उनले नातावाद र कृपावाद र भ्रष्टाचार विरोधी छवि नै जोगाउन सकिन् ।

प्रधानमन्त्री बनेपछि सुशिला कार्कीले यस अघिका प्रधानमन्त्रीहरू जस्तो बोलीमा लगाम छाडेर जे पायो त्यही बोलिरहेकी छन् ।

कहिले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी ओली र पुष्पकमल दाहालको अनुहारसम्म हेर्दिन भन्छिन् भने कहिले आफूँ आफ्नो चाहनाले प्रधानमन्त्री बनेको होइन बाध्याले भनिरहेकी छन् भने कहिले राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री नबने देशद्रोही घोषित गरिदिन्छु भनेपछि आफू प्रधानमन्त्री बनेको र जेनजीहरूले रुँदै प्रधानमन्त्री भै दिनुपऱ्यो भनेकाले मात्र आफू प्रधानमन्त्री बनेको बताउन थालेकी छन् । कार्की जे जस्तो पृष्ठभूमिमा प्रधानमन्त्री बनेकी भएपनि अहिलेको अवस्थामा सरकार प्रमुख रहेकाले यस्तो भाषा बोल्नु आवश्यक थिएन/छैन । उनलाई त्यस्तो लागेको भएपनि यस्तो अर्नगल बोल्नु आवश्यक थिएन ।

>>> बाँकी ८ पेजमा

टपरीमा खाना खानु दाहालको अर्को नौटंकी

काठमाडौ । माओवादी केन्द्रका तत्कालीन अध्यक्ष पुष्पकमल दाहालले आफ्नो असफलता स्वीकार गरेर राजनीति गर्नुको बदला आफ्नै पार्टीको नाम पटक-पटक परिवर्तन गर्दै जनतालाई झुक्याउन लागि परेका छन् । जनतामा नामै नसुनिएका केही पार्टीहरू र भ्रष्ट्राचारको आरोपमा मुद्दा खेपीरहेका माधव नेपालको पार्टीलाई तीन टुक्रा बनाएर माधव नेपाललाई नेपाली कम्युनिष्ट पार्टीमा लगेका छन् । माधव नेपाल लामो समयसम्म नेकपा एमालेका महासचिव रहेका थिए । माओवादी केन्द्र सहित नेकपा एमाले मिलेर नेपाल कम्युनिष्ट पार्टी निर्माण भएको भएपनि उक्त एकता लामो समयसम्म टिकेन । त्यसको एउटै कारण थियो दाहालले माधव नेपाल,

झलनाथ खनाल र वामदेव गौतमलाई आफ्नो साथमा लिएर पार्टी अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री केपी ओलीको विरूद्धमा षड्यन्त्र गरी ओलीलाई पार्टी अध्यक्ष बाटै हटाइनु ।

अहिले दाहाल जनतालाई झुक्याउनैका लागि जेनजीहरूको बद्नाम गर्दै जेनजीहरूको र आफ्ना माग एउटै रहेको बताउँदै जेनजीहरूको विरोध प्रदर्शन पनि आफूले नै सफल बनाएको उद्घोष गरिरहेका छन् । दाहाल सत्ताका भोका रहेका र सत्ताको नेतृत्व गर्दा समेत मुलुकका समस्या समाधान गर्नुको सट्टा परिवारवाद भित्र रमाउँदै आर्थिक अवस्था सुधार गर्न लागि परेको तत्कालिन माओवादीकै नेताहरूले बताउँदै आएका छन् ।

>>> बाँकी ८ पेजमा

एमाले महाधिवेशनको तीव्र तयारीमा

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आसन्न ११ औं राष्ट्रिय महाधिवेशनको तयारी तीव्र रूपमा अघि बढाइएको छ । यही मङ्सिर २७ गते भक्तपुरको सल्लाघारीमा उद्घाटन गर्ने गरी तयारी अगाडि बढाएको छ ।

महाधिवेशन व्यवस्थापन तयारीका विषयमा हालै सो पार्टीको केन्द्रीय कार्यालय, च्यासलमा महासचिव शङ्कर पोखरेलसहितका नेताहरूबीच छलफल भएको छ ।

छलफलमा उपमहासचिवहरू प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरूङ, विष्णु रिमाल, सचिवहरू, तोकिएका सङ्गठन विभागका प्रमुखसहित विभागीय प्रमुखहरू, स्थायी कमिटी सदस्य, पोलिटब्युरो सदस्य तथा व्यवस्थापन समिति सचिवालयमा रहेका अन्य नेताहरू

>>> बाँकी ८ पेजमा

Pakistan's Real Crisis Isn't Economic, it's the Political Economy

Azhar Dogar

Pakistan's economic crisis is often described in familiar terms: dwindling foreign exchange reserves, chronic fiscal deficits, a narrow tax base, low growth rates, inflationary pressures, and cycles of IMF dependence. These are real, material problems that threaten national security, state stability, and social cohesion. Yet focusing exclusively on "the economy" obscures something far more fundamental and more corrosive, Pakistan's political economy which is its system of power, incentives, and institutional arrangements that shape how resources are generated, distributed, and captured.

In Pakistan, the economy does not simply suffer from mismanagement or bad luck, it suffers because the underlying political economy is structured to produce exactly these bad outcomes. Pakistan's political economy is built on a simple destructive principle where political power is pursued not to govern, but to access and distribute economic rents. This blurs the line between politics and extraction, making governance a secondary pursuit and reform an existential threat to those who benefit from the status quo. This is the political economy of Pakistan. It is a system where institutions serve power not performance, where politics allocates resources not markets, where reform threatens the very architecture that holds the system together.

For the better part of the past seven decades, every public debate in Pakistan has circled around one theme, that the economy is in crisis. Headlines warn of collapsing reserves, unsustainable debt, spiralling inflation, the low growth rate, and IMF bailouts as though these conditions emerged in a vacuum. But to frame Pakistan's struggle as merely an economic crisis is to misunderstand its core. The truth is more uncomfortable but far more important. Pakistan does not suffer from an economic problem, it suffers from a political economy problem. Until the architecture of political power, incentives, and institutions is repaired, no amount of fiscal tinkering or technocratic patchwork will deliver lasting economic stability. Fix the political economy, and the economy will finally have the chance to breathe.

Pakistan's economic indicators have resembled a heart monitor on the verge of flatlining, with periodic spikes followed by steep crashes, each crisis deeper and faster than the last. This cyclical pattern is not the result of bad luck or isolated policy mistakes. It stems from a political settlement in which power is concentrated among a small set of institutional and economic elites including civilian, military, bureaucratic, landed, and corporate classes who systematically shape economic rules to protect their privileges. These groups do not necessarily conspire, but the structure of incentives ensures that their short-term interests are prioritized over the country's long-term sustainable growth.

Consider taxation. Pakistan historically has one of the lowest tax-to-GDP ratios in the world. This is not because Pakistanis are culturally unwilling to pay taxes or because the economy is unusually informal. It is because successive governments, regardless of political party, have lacked the autonomy to impose taxes on the country's wealthiest and most politically powerful segments ranging from large landholders, real estate developers and wholesale traders, to powerful business lobbies. When a government attempts reform, it is resisted, diluted, or reversed because every major political actor relies on these groups for financing, votes, or institutional support. Attempts at reforms also lack transparency and accountability. Thus, Pakistan keeps taxing the already taxed, primarily salaried workers and consumption, while shielding the entrenched elite. No economy can thrive when the burden falls on the weakest shoulders. Pakistan needs to tax the real power centres.

The economy does not operate in isolation. Economies do not fail because people lack talent or because the market lacks potential. Economies fail when the rules that govern them reward the wrong behaviour and punish the right. Pakistan's economy is not failing, it is being made to fail. Fix the political economy. The economy will fix itself.

Energy, another area of perpetual crisis, also reflects political economy failures rather than technical ones. Circular debt did not materialize because Pakistanis used too much electricity or because utilities are incompetent by nature. It is the product of decades of politically negotiated contracts that guaranteed profits for independent power producers, subsidies for favored groups, and lax enforcement for politically connected defaulters. Each government inherits a more distorted system than the last and then adds new distortions of its own to avoid angering influential supporters. The result is an energy sector designed not for efficiency or sustainability, but for political survival.

Even Pakistan's chronic reliance on the IMF is rooted in political economy. Governments repeatedly adopt short term, populist policies that include price freezes, artificial exchange rates, election year spending sprees to secure political gains. By the time the consequences become unavoidable, the government has either collapsed or has no choice but to turn to the IMF to clean up the mess. And once the IMF programme restores temporary economic stability, the cycle begins anew. This is not an economic pattern, it is a governance pattern.

Pakistan needs to tax the real power centres, break the patronage nexus whereby bureaucracy and judiciary are made independent of interference from political parties and military, demilitarize economic policy where security institutions are central to defense but not commercial enterprise. Pakistan requires a social contract based on rights and not patronage. More importantly, it needs to strengthen the rule of law and regulatory institutions to discourage all sorts of rent seeking behaviour, economic distortions and corruption.

A deeper issue is institutional fragmentation. Pakistan does not have one unified economic decision making apparatus, it has several competing centres of power, including the one in the form of SIFC which had a mention in the recent IMF report. The bureaucracy resists reforms that threaten its control, the political class seeks policies that deliver short-term electoral gains, the military establishment retains influence over strategic sectors and foreign policy, provincial governments pursue parochial interests and business lobbies push for favorable regulations. In such an environment, even well-designed economic reforms are diluted through layers of negotiation, compromise, and resistance.

What Pakistan needs, therefore, is not another IMF programme, another emergency stabilization package. It needs a new political settlement and a social contract, a rebalancing of power and incentives among the country's key institutions and stakeholders. This does not necessarily require a revolution, it simply requires rules and rule of law. Clear rules about who has authority over what. Transparent rules governing taxation, expenditure, regulation, and public appointments. Predictable rules for transfers of power and political competition. And above all, rules that prevent any one group, civilian or military, urban or rural, bureaucratic or corporate from bending the system to defend its privileges at the expense of national progress.

If Pakistan were to establish such a social contract, one that aligns institutional incentives with national interest, then the economic improvements would follow naturally. Tax revenues would grow because the system would finally have the autonomy to tax those who should be taxed. Investment would rise because businesses crave predictability more than subsidies. The energy crisis would ease because the political incentives for protecting inefficiency would weaken. The currency would stabilize because policymakers would no longer manipulate it for political gain or expediency. And Pakistan may finally break its cycle of dependency on external lenders.

The economy does not operate in isolation. Economies do not fail because people lack talent or because the market lacks potential. Economies fail when the rules that govern them reward the wrong behaviour and punish the right. Pakistan's economy is not failing, it is being made to fail.

Fix the political economy. The economy will fix itself.

Ambassador of Pakistan to Nepal H.E. Abrar H. Hashmi visited Lumbini and Bharatpur

kathmandu : At Lumbini, he paid respects at the Birthplace of Lord Bhudha. He held meetings with the Lumbini Development Board and the officiating Mayor of Lumbini. The meetings were focused onfostering heritage linkages, cultural and civic relations between Pakistan and Nepal.
At Bharatpur, the Ambassador handed over a cheque to support the paperless digitization of Bharatpur Eye Hospital (BEH) as a gift from the People of Pakistan. The support aims to assist BEH to upgrade its infrastructure and efficiency through Electronic Health Record (EHR) system, and fully digitize administrative and clinical processes.

Ambassador Hashmi noted that Pakistan has a proud history of collaboration with the hospital contributing to its development and capacity building over the years since it was built with the financial help of the BCCI Foundation of Pakistan in 1987. In recent years, Pakistan Embassy added pharmacy, OTs, outreach Ambulance and exchanges in the field of eye care and medical cooperation.

Speaking at the ceremony, the Ambassador highlighted that healthcare cooperation remains an important pillar of Pakistan-Nepal relations and such initiatives reflect the shared commitment of the two countries toward people-centric development and regional well-being. Chairman of BEH Management Board MrJayram Shrestha and Chief Medical Officer DrPushpaGiri expressed their deep appreciation for the People of Pakistan for their continued support and contribution to the modernization of healthcare services in Nepal.

The Embassy hosted a dinner at Bharatpur Garden Hotel, which was graced by BEH Management, faculty, District Administration, civic and business leaders and Nepalese Alumni of Pakistani institutions.

Ambassador Hashmi also visited College of Medical Sciences, Chitwan, which imparts quality TVET in medical care and interacted with the faculty and students.

चुनाव अघि नै राजनीतिक मुद्दाको छिनोफानो होस्



• राजन कार्की

rajan2012karki@yahoo.com

राजनीति समाज परिवर्तनको साँचो हो । पञ्चायत न बहुदल, बहुदल न लोकतान्त्रिक गणतन्त्र, कुनै पद्धतिले पनि राजनीतिक मुद्दाको छिनोफानो गर्न सकेन । पद्धति परिवर्तन भइरहे, आन्दोलन भइरह्यो, संविधानसभाबाट संविधान, संविधानपछि चुनाव पनि भइरह्यो तर राजनीतिक मुद्दाको छिनोफानो नहुँदा भदौ २३ र २४ को जेनजी आन्दोलन र बिद्रोह, हिंसा र आगजनी हुनपुग्यो ।

अझै त्यो गल्ती दोहोऱ्याउने कि राजनीतिक डाइग्नोसिस गरेर मुद्धाको हल निकाल्ने ? वर्तमान नेपालका सामु तेर्सिएको प्रश्न यही हो । यो सवालको जवाफ चुनाव होइन । पहिले राजनीतिक मुद्धाको पहिचान, पहिचानपछि निदान र अन्तमा चुनाव हो । अन्तबाट सुरू गर्दा न ०३६ सालको जनमत संग्रह, न २०४६ को बहुदल, न दरवार हत्याकाण्डपछिको राजतन्त्र अथवा न २०६३ सालको परिवर्तन र २०६५ सालको गणतन्त्रको कार्यान्वयन । अन्तबाट सुरू गरियो, मुद्धा जहींको तहीं रह्यो र असन्तोष बढ्दै गएर भदौ २३ र २४ मा ज्वालामुखी फुट्यो । केही बाँकी रहेन ।

नेपाल शून्यबाट उठ्नु छ । नेपाल खरानीबाट बन्नु छ । बन्नका लागि थाँती रहेका राजनीतिक मुद्दाको पहिचान पहिले हुनैपर्छ । पिलो रोगको खिल ननिकालेसम्म पिलो बल्झिरहनसक्छ । पिलो बल्झिनु भनेको पीडा हो । पीडाबोध भइरहनेछ । हो, केही समयका लागि न्यानो अनुभूति होला, त्यो न्यानो क्षणिक हो । जसरी जनयुद्ध, जनआन्दोलनपछिका १९ वर्षमा असन्तुष्टि बढ्दै गयो र बिस्फोट भयो । यस खालका बिस्फोट, हिंसा, नरसंहार र आगजनी निम्त्याउने कि सदाका लागि राजनीतिक मुद्धाको अन्त गर्ने ? यो विषय यक्ष प्रश्न हो ।

राजाले जनताको नासो जनतालाई बुझाएका थिए । जनताले राजतन्त्र हटाएका होइनन् । हटाउने कुनै जनादेश थिएन । धर्मनिरपेक्षता र संघीयता जनताले मन नपराएका विषय थिए, थोपरियो । समानुपातिकका नाममा राजनीतिक व्यभिचार भयो, नेपोटिजम र नेपोबेबीइजम मात्र होइन, श्रीमती, छोरी, बुहारी, नातापाताले दुरूपयोग गर्ने विषय बन्यो । राजनीतिमा जवाफदेहीता र नेतामा इमानदारिताको अन्त्य भयो । भ्रष्टाचार सदाचार बन्यो, राजनीतिको अपराधिकरण गरियो । विधिका शासनका नाममा राजनीति लादियो । फलतः असन्तुष्टि उकुसमुकुस, सकस हुनपुग्यो र जेनजीको ज्वालामुखी फुट्यो । कुनै पनि नेता जनताका सामु उभिन सक्ने स्थितिमा रहेनन् । अझै पनि नालीमै हेलिन खोज्ने हो भने चुनावमा जाऔं, एकाधबाहेक उही भ्रष्ट, बदनाम नेताले चुनाव जित्छन् र फेरि असन्तुष्टिको ग्यास चेम्बर बन्नेछ देश ।

हामीले निकास खोजेको कि ग्यास चेम्बरमा निसास्सिन खोजेको ? राजनीति गर्नेहरूले पहिले निर्णय गरून् ।

सबैले प्रष्ट बुझुन्- फागुन २१ मा चुनाव चुनाव हुनु वा नहुनुले शान्ति, समृद्धि र स्थिरता आउँदैन । शान्ति, समृद्धि, स्थिरता र सुशासन आउने भए दुईपल्ट संविधानसभाको निर्वाचन भयो, दुईपल्ट आवधि निर्वाचन पनि भयो तर राजनीतिक मुद्दाको किनारा लागेन । राजनीतिक द्वन्द्वको समाधान नभए अराजकता हुने रहेछ भन्ने ०६३ देखि ०८२ सम्मको १९ वर्षले प्रष्ट भइसक्यो । हामीले फेरि त्यही भेलमा पस्ने अथवा स्वच्छ राजनीति खोज्ने ?

परिसकेपछि चेल्नु जाति, फेरि पुर्पुरोमा हात राखेर पछुताउनु भनेको मुर्खता हो ।

चुनाव हुनु वा नहुनले अराजकताको अन्त्य नहुने रहेछ । स्थिरता र सुशासनका लागि राजनीतिक मुद्दाको अन्त्य हुनैपर्नेरहेछ । पहिले मुद्धाहरूलाई संवोधन गरौं अथवा एकमुष्ट उपचार गरौं ।

हामीले देख्यौं, भोग्यौं, राजतन्त्रविरूद्ध जनयुद्ध, जनआन्दोलन भयो । राजाले सर्लक्क जनताको नासो जनतालाई बुझाएर पन्छिएका हुन् । जनताले राजतन्त्र हटाएका होइनन्, जनतालाई राजतन्त्र र हिन्दुराष्ट्र चाहिन्छ कि चाहिदैन भनेर सोधिएको पनि होइन । हिजो न आज, राजतन्त्र राजनीतिक शक्ति हो भन्नेमा कुनै विवाद छैन । राजतन्त्र राजनीतिक शक्ति हो भने यो शक्तिलाई निषेध, विभेद किन गरियो ? राजतन्त्रलाई उचित स्थान, स्पेश किन दिइएन ? सबै समस्याको जड राजतन्त्र भन्नेहरूले २०६३ पछि शान्ति, स्थिरता, सुशासन किन दिन सकेनन् ? राष्ट्रलाई भ्रष्टाचार, व्यभिचार र अपराधिकरण किन बनाए ? आज प्रत्येक दल, नेता किन जनताको आँखाको कसिङ्गर बन्नुको मुख्य कारण जनता र देशप्रति जवाफदेही नहुनु नै हो । गैरजिम्मेवारी भनेको लोकतन्त्र होइन, निरंकूशता हो ।

निरंकूशताको परिणाम हो भदौ २३ र २४ को जेनजी पुस्ताको आन्दोलन, विद्रोह । ७६ जनामाथि गणतन्त्र हाँक्ने सत्ताले गोली दागे, हजारौंलाई अंगभंग पारे । यसको जिम्मेवारी लिन गणतन्त्रे शासकहरू तैयार छैनन् । यहाँसम्म कि जनयुद्ध र जनआन्दोलनमा मारिएका, बेपत्ता पारिएकाहरूको जिम्मेवार पनि कोही देखिएनन् । गणतन्त्रको शासनकालमा जे जति नागरिक मारिए, भ्रष्टाचार र दुराचार भयो, नेपोटिजम र नेपोबेबीइजम चम्कियो, यसको जिम्मेवार पनि यिनै शासक थिए, तिनीहरूमाथि कुनै छानबिन र अनुसन्धान हुनसकेको छैन ।

मूल मुद्धा राजतन्त्र, हिन्दुअधिराज्य र संघीयताको छ । मुद्दा राजनीतिक अपराधिकरण र भ्रष्टाचारको छ, मुद्दा संघीयता र कुशासनको छ, मुद्दा नेपोटिजमको छ । यी मुद्दाहरूको निर्क्यौल गर्न फागुन २१ को चुनावले मात्र सम्भव छैन ।

चुनाव यिनैले जित्ने हो, चुनावपछि यिनैले शासन गर्ने हो । जो २०६३ पछि असफल भए, अयोग्य र अकर्मण्य सावित भए, तिनकै हातमा शासन गएर सुशासन आउन सक्दैन ।

सुशासन, स्थिरता, शान्ति र समृद्धिका लागि असफल भइसकेको वर्तमान कालखण्डको ग्रहणबाट देश र जनतालाई मुक्त पार्नका लागि सबै राजनीतिक शक्तिहरूबीच गोलमेच सम्मेलन गर्नुपर्छ, आवश्यक परे जनमत संग्रहमा जानुपर्छ ।

राजनीतिक महारोग क्रोनिक भइसक्यो, राष्ट्र राज्यविहीन अवस्थामा पुगिसक्यो । विद्यमान राजनीतिक मुद्दालाई किनारा नलगाएसम्म देशमा शान्ति र स्थिरता कायम हुनसक्दैन । निर्विवाद सत्य यही हो । यो सत्यको निरूपण राजनीतिक मुद्दामा जनादेश लिने र जनादेशअनुसारको संविधान निर्माणबाट मात्र सम्भव छ ।

बढ्दो समस्याले स्थिति झन जटिल हुनसक्ने कारण संसद विघटन र राष्ट्रपतिद्वारा असंवैधानिक रूपमा गठित सरकार पनि हुनसक्छ । पुरानो नजिरअनुसार सर्वोच्च अदालतले अन्तरिम आदेश नदिए पनि , यी निर्णय उल्टाइदियो भने कुन हदसम्मको अराजकता फैलिएला, कहालीलाग्ने आहट सुन्न सकिन्छ । चुनावै भयो भने पनि प्रहरीका लाखौं राउण्ड गोली र हजारौं जेलका भगौडा अपराधीले के सम्म गर्लान् भन्ने संशय पनि छ । त्यसमाथि फ्रण्ट लाइनमै सेना परिचालनबाट भएको चुनाव पनि आफैमा अचम्म लाग्दो हुनसक्छ ।

चुनावका लागि होइन, आत्मरक्षा र प्रतिरक्षाका लागि नेकपाले दस्ता खोलेको छ, माओवादी र अन्य दलले पनि दस्ता खोलेका छन् । एमालेले गठन गरेको नेशनल भोलेन्टियर फोर्स झन ठूलो खतरा हो । आलोपालो झण्डै दुई दशक शासन गर्नेहरूले समानान्तर राज्यप्रवृत्ति भावी दिनका थेग्नै नसकिने चुनौती र विकराल अराजकताको मूल बन्नसक्ने देखिन्छ । दस्ता अर्थात हिंसाको पूर्वानुमान भन्दा फरक पर्दैन ।

तत्कालका लागि पार्टीहरूको मनोविज्ञान आमसुरक्षामा अराजक देखिन्छ । स्थापित दलहरूको दिमागमा अझै गणतान्त्रिक लोकतन्त्रभन्दा बाहुबलीतन्त्र हावी देखिन्छ । विधिको शासन स्थापित हुननसक्नुको कारण पार्टीहरूमा १९ वर्षदेखि पन्पिएको यही जंगली मानसिकता हो ।

जेनजी पुस्ता र आमनागरिकले यति ठूलो बिद्रोह गरिसक्दा पनि स्थापित नेताहरूले गल्ती कमजोरी स्वीकार गरेर शीर झुकाएर माफी नमाग्नु निरंकूशताको पराकाष्ठा हो । यसकारण यिनीहरू संदीग्न छन्, खतरा सूचक छन् ।

निष्कर्षमा लिनुपर्नेले लिए भने दिने सुझाव हो- जेनजी पुस्ता सहितका राजनीतिक शक्तिहरूबीच गोलमेच सम्मेलन गरेर समाधान खोज्नुपर्छ । विद्यमान राजनीतिक मुद्दाहरूको फरफारकका लागि जनमत संग्रह गर्नुपर्ने फागुन २१ मै गर्दा पनि हुन्छ । दुई दशक खेर गइसक्यो, विधिको शासनको उपहास भइसक्यो । यो पद्धति र यी नेताहरू म्याद सकिएका औषधिसमान प्रमाणित भइसकेका छन् । जनताले मन पराएनन् भनेपछि किन पुरानै नेताहरू जनताको टाउकोमा घिरिङ खेल्न अग्रसर भएका होलान् । यो त हलाले विष बनाएर आफैमाथि प्रयोग गरेको र आत्महत्या गरेको घटना अर्थात् हलाहलको कथाजस्तो हुँदैन र ?

यसकारण थप राष्ट्रिय क्षति रोक्न र नेपालीतत्व सहितको जनआकाङ्क्षा पूरा गर्न चुनाव अघि नै राजनीतिक मुद्दाहरू खुट्याएर त्यसको निदान गर्नु बुद्धिमानी हुनेछ । राजनीति गर्नेहरूको बुद्धि बंगारो बेलैमा पलाओस् ।

पढथ्यौ हाम्री बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सक्रिय्यो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

कार्की सरकारकै कारण निर्वाचनमा आशंका

भाद्र २७ गते संविधानको ठाडो उल्लंघन गर्दै प्रधानमन्त्रीमा नियुक्तभएकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई आउँदो फागुन २१ गते संसदको निर्वाचन गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने जिम्मेवारी दिएको छ। निर्वाचन गर्ने सर्तमा प्रतिनिधिसभा विघटन गरिएको छ। जेनजीहरूको माग सम्बोधन गर्न सक्ने अवस्था संसदबाटै रहेको बेला संसद विघटन गरिनु अर्को षड्यन्त्र हुने हो कि भन्ने आशंका जनतामा रहेको छ। राजनीतिक दलहरूले संसद विघटनको मुद्दालाई सर्बोच्च अदालतमा प्रवेश गराएका छन्। संसद विघटन गरिएको भन्दै दलहरूले विरोध जनाइरहेका छन्। सम्वैधानिक सर्बोच्चता कायम गर्नुपर्ने दायित्व अब अदालतमा रहेकाले अदालतले जति सक्दो छिटो सो मुद्दाको टुँगो लगाएर आफ्नो दायित्व पूरा गर्नुपर्ने अवस्था देखिएको छ।

निर्वाचन गर्ने दायित्व रहेको कार्की सरकारले विभिन्न सम्वैधानिक आयोग र राजदूतहरूको बाटो खोल्ने प्रयोजनका लागि अध्यादेश सिफारिस गरेको छ। राजदूत फिर्ता बोलाइएको र राजदूत विहिन बनाइएको मुलुकहरूमा राजदूत नियुक्त गर्ने उदेश्यले र संविधान विपरित अध्यादेश ल्याउने कार्की सरकारको निर्णय आफैँमा गलत र संविधान विपरित रहेको छ। संविधानमा प्रष्ट रुपमा उल्लेख भएको संसदीय सुनुवाईको व्यवस्थालाई अध्यादेशमार्फत संशोधन गर्ने प्रयास गर्नु कार्की सरकारको अर्को असम्वैधानिक कार्य हो। आफ्नो नियुक्ति समेत असम्वैधानिक रहेको भन्दै सर्बोच्च अदालतमा मुद्दा विचाराधिन रहेको अवस्थामा अध्यादेशबाट संविधान संशोधन गर्न खोज्नु कार्की सरकारको अर्को अपराधपूर्ण कार्य हो। प्रधानमन्त्री कार्की आफैँ कानुनविद् रहेकी र उनको सरकारमा रहेका मन्त्रीहरू समेत कानुनका ज्ञाता रहेकाले किन उनीहरू संविधान विपरितका कार्य गर्न अग्रसर रहे अब त्यसको खोजविन गर्नुपर्ने आवश्यकता देखिएको छ। कार्की सरकारका केही मन्त्रीहरूले गरेका निर्णयहरू समेत विवादमा परेका छन्। सर्बोच्च अदालतले राजदूत फिर्ता गर्ने सरकारको निर्णयलाई रोक लगाएको भएपनि सरकारले त्यसलाई कार्यान्वयन गरेन। उल्टो उनीहरूलाई फिर्ता बोलाएर पररा्ष्ट मन्त्रालयमा हाजिर गर्न लगाएर उनीहरूलाई तलबभत्ता दिइरहेको छ। सरकारले निर्वाचनसँग सरोकार नै नभएको सुशासन पनि नसुधिने निर्णय गर्न थालेको छ। आफ्नो जिम्मेवारीलाई भुलेर कार्की सरकार राजनीतिक दलका शिर्ष नेतालाई स्थानहद गर्ने निर्वाचन प्रचार प्रसारमा जिल्ला गाउँ जाँदा सुरक्षा नदिने जस्तो कार्यले गर्दा कार्की सरकारको चौतर्फी आलोचना सुरु भएको छ। जेनजीहरूको जगको बलमा प्रधानमन्त्रीमा नियुक्त भएकी कार्कीकै कारण जेनजीहरू समेत उनको विरोधमा सडकमा उत्रिएका छन्। जेनजीहरूका विभिन्न समूह रहेका र त्यस्ता समूहलाई विभिन्न व्यक्तिहरूले सञ्चालन गर्ने गरेका तथ्यहरू बाहिर आएका छने भने सुशिला कार्की र गृहमन्त्री ओमप्रकाश अर्याल समेतले जेनजीहरूलाई प्रयोग गरिरहेको भन्ने समाचारहरू मिडियामा सार्वजनिक भइरहेका छन्।

आफैँले पाएको मुख्य जिम्मेवारी निर्वाचन गराएर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरणलाई एकातिर राखेर निर्वाचनको कुरा गर्ने तर व्यवहार भने राजनीतिक दलरुलाई उपेक्षा गरेर उनीहरूको विरोध गर्न जेनजीहरूलाई उक्साउने कार्य प्रधानमन्त्री र उनका मन्त्रीहरू नै लागि परेको हुनाले निर्वाचनको वातावरण बन्न सकेको छैन अब निर्वाचन हुन ९० दिनमात्र बाँकी रहेका बेला जेनजीहरूले भने कानुनको उल्लंघन गर्दै प्रायः प्रत्येक दिन सिंहदरबार घेर्ने, प्रधानमन्त्रीको सरकारी निवास घेराउ गर्ने र राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई सभा जुलुस गर्न नदिने सभा सम्मेलन गर्ने ठाउँमा घेराउ गर्ने जस्ता कार्यहरू भैरहेका हुनाले के उनीहरूलाई कानुन लागदैन ? निर्वाचन हुनका लागि स्वच्छ वातावरणको आवश्यकता हुन्छ राजनीतकि दलका नेता तथा कार्यकर्ताहरू आफ्नो दललाई मत मागन गाउँ गाउँ पुग्ने र मत मागन पाउने वातावरण बनाउने दायित्व सरकारको हो तर सरकारले अहिलेसम्म त्यस्तो वातावरण बनाउन सकेको छैन। गृहमन्त्री अर्याल जसरी भएपनि एमाले अध्यक्ष केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरी कारबाही गर्ने अडानमै रहेका छन्। अर्याल भाद्र २३ र २४ गते भएको घटनालाई एउटै डालोमा हालेर नेताहरू माथि कारबाही गर्नुपर्ने पक्षमा रहेकाले त्यसैको परिणाम स्वरुप ओली लेखक लगायतका केहीलाई स्थानहद गरिएको छ। उनीहरूलाई जसरी भएपनि गौरीबहादुर कार्की नेतृत्वको आयोगले बयान लिनुपर्दछ भन्दै गृहमन्त्रीले बयान लिन नमानेको खण्डमा पक्राउ गरेरै भएपनि बयान लिने उद्घोष गर्दै आएका हुनाले प्रधानमन्त्री कार्की गृहमन्त्री अर्याल र जेनजीहरूकै केही समूहका कारण निर्वाचन हुन नसक्ने अवस्था सिर्जना हुन सक्ने सम्भावना हामीले देखेका छौँ।

एमालेको 'रिभाइब' र ओलीको बिदाइ

सुरेश गौतम

नेपालको कम्युनिस्ट आन्दोलनमा केपी ओली एक यस्ता नेता हुन्, जसले एक दशकसम्म एमालेको मात्र होइन, देशकै राजनीतिलाई आफ्नोवरिपरि घुमाए । ओलीको राजनीतिक भूमिका नेपाली कम्युनिस्ट आन्दोलनको केन्द्रीय शक्तिका रूपमा रह्यो, जसले देशको राजनीतिलाई स्थायित्व र समृद्धिको नारा दियो, तर यही नेतृत्वले पछिल्लो समयमा आन्तरिक लोकतन्त्र, संवैधानिक मर्यादा र सुशासनका सवालमा गम्भीर प्रश्नको सामना गर्नुपऱ्यो । पछिल्लो समय जेन-जी आन्दोलनको तीव्र दबाबका कारण उनको राजनीतिक साखमा गम्भीर क्षयीकरण भयो । ओलीको राजनीतिक यात्रामा युवाको असन्तुष्टिले रातो रेखा कोरिदिनुका साथै यो आन्दोलनले पुरानो र नयाँ पुस्ताबिच पनि स्पष्ट रेखा कोरिदियो । जसले गर्दा ओलीलाई आफ्नो राजनीतिक सान्दर्भिकता कायम राख्न झनै गाह्रो भएको छ ।

नेतृत्व क्षमतामाथि उठेका प्रश्नलाई पन्छाउँदै आफ्नो राजनीतिक प्रभाव र पार्टीभित्रको पकडलाई पुनर्स्थापित गरी फेरि देशको मुख्य नेतृत्वको भूमिकामा फर्कने प्रयासमा ओली देखिन्छन् । एमालेमा लामो समयदेखि प्रभुत्व जमाएका ओलीको नेतृत्व शैली र परम्परागत एमालेको कार्यप्रणाली व्यक्तिकेन्द्रित हठी र वैचारिक बहसभन्दा सत्ताकेन्द्रित थियो जसले गर्दा ओलीको राजनीतिक शक्ति अभ्यासमा प्रभुत्ववादी चरित्र हाबी भयो । यस्तो नेतृत्वले पार्टी र जनताको बदलिँदो चेतना विशेष गरी जेन-जी आन्दोलनले उठाएका सुशासन, पारदर्शिता र पुस्तान्तरणका मागलाई सम्बोधन गर्न सकेन । यही पृष्ठभूमिसँगै, अब एमाले आफ्नो ११औँ महाधिवेशनको सँघारमा उभिएको छ । लामो समयदेखि नेतृत्वको पकडमा आएको यो ऐतिहासिक मोडमा, पार्टीले ओलीको युगलाई पुस्तान्तरणमार्फत सम्मानजनक बिदाइ दिन सक्छ या सक्दैन भन्ने नै अहिलेको यक्षप्रश्न हो । नेतृत्व परिवर्तनको यो अपरिहार्य समयमा एमालेलाई नीतिगत शुद्धीकरण, सांगठनिक पुनर्संरचना र जनविश्वासको पुनर्जागरणका लागि यो महाधिवेशनले अवसर प्रदान गर्नेमा प्रतिनिधिहरूबिच आशा जगाएको छ ।

ओलीको नेतृत्व र कार्यशैलीले एमालेलाई एक विशेष मोडमा पुऱ्याएको छ । ओलीको बिदाइको आधार उनको विवादास्पद कार्यशैली नै हो । छुचो बोली, आलोचकप्रति शत्रुतापूर्ण व्यवहार र गैरजिम्मेवार अभिव्यक्तिले उनको व्यक्तिगत छवि र पार्टीको प्रतिष्ठामाथि प्रश्न उठायो । संसद् विघटनजस्ता कदमले उनलाई अलोकतान्त्रिक र एकलौटी निर्णयकर्ताको आरोप लाग्यो, जसले पार्टीभित्र आन्तरिक कलह र अन्ततः विभाजन निम्त्यायो । उनको नेतृत्वमा पार्टीभित्र गुटगत स्वार्थ हाबी भयो, इमानदार तथा क्षमतावान् नेता कार्यकर्तालाई पाखा लगाइयो ।

ओलीको बिदाइ एमालेको 'रिभाइब'को प्रारम्भिक सर्त हो । जबसम्म पार्टी एक व्यक्तिको छायाबाट मुक्त हुँदैन, तबसम्म यसले आफ्नो वास्तविक वैचारिक, संगठनात्मक र जनमुखी चरित्रलाई पुनर्जीवित गर्न सक्दैन । ओलीको बिदाइले एमालेलाई पुरानो गुटगत र वैचारिक टकरावबाट मुक्त गरी सामूहिक, वैचारिक र जनमुखी बाटोमा फर्कने अवसर दिनेछ, जसले गर्दा एमालेको रिभाइबको आधार बन्नेछ । ओली नेतृत्वको विवादास्पद पाटोबाट मुक्त हुँदा एमालेले संस्थापन पक्षको शुद्धीकरण र सामूहिक नेतृत्वको विकासमार्फत आफूलाई देशकै प्रमुख वैकल्पिक शक्तिका रूपमा पुनर्स्थापित गर्न सक्छ । ओलीको प्रभावबाट मुक्त भएको एमालेले पार्टीलाई रिभाइब गर्न सक्ने बलियो सम्भावना देखिन्छ । यो रिभाइबले ओलीपथ बाट एमालेपथमा फर्कन सहयोग पुग्नेछ । एमालेको रिभाइबको सफलता नेतृत्व हस्तान्तरण कत्तिको सहज, संस्थागत र सर्वस्वीकार्य रूपमा हुन्छ भन्नेमा निर्भर गर्छ । नेतृत्व हस्तान्तरण पार्टीको संस्थागत हितलाई केन्द्रमा राखेर गरियो भने, एमाले नेपालको राजनीतिमा आफ्नो प्रभावशाली शक्तिलाई पुनर्जीवित गर्न सफल हुनेछ । सामूहिक र सन्तुलित नेतृत्व आउँदा पार्टी एक व्यक्तिको भन्दा विचार र सिद्धान्तमा आधारित संस्थाका रूपमा स्थापित हुन्छ । जबजको सिद्धान्तलाई समयसापेक्ष व्याख्या गर्दै पार्टीलाई व्यक्तिगत स्तुतिगानबाट निकालेर नीति र कार्यक्रममा केन्द्रित गर्न सकिन्छ ।

यसले आमजनतामाझ विश्वसनीयता बढाउँछ । ओलीको छत्रछायाँ हटेपछि पार्टीभित्र खुला बहस, सामूहिक निर्णय प्रक्रिया र आन्तरिक लोकतन्त्रको अभ्यास पुनः सुरू हुन सक्छ, जसले असन्तुष्ट नेता तथा कार्यकर्तालाई पार्टीमा फर्काउन मद्दत गर्छ । ओलीको नेतृत्वका कारण टाढिएका वा बाहिरिएका नेतासँगको पुनः एकीकरणको बाटो नयाँ र कम विवादास्पद नेतृत्वका लागि सहज हुन्छ । नयाँ नेतृत्वले ओलीको समयका आक्रामक राजनीतिक शैली त्यागेर सन्तुलित, समन्वयकारी र रचनात्मक शैली अपनाउन सक्छ, जसले गर्दा नयाँ अनुहार र नयाँ ऊर्जासहितको नेतृत्व आउँदा कार्यकर्तामा उत्साह र गतिशीलता बढ्छ अनि ग्रासरूट तहमा पार्टीको कामलाई पुनर्जीवन दिनेछ ।

एमालेको रिभाइब केवल सम्भावना मात्र होइन, बरू एमाले जीवित रहनका लागि अपरिहार्य हो । ओलीको बिदाइले उत्पन्न गर्ने शून्यतालाई नयाँ नेतृत्वले संस्थागत लोकतन्त्र, वैचारिक सन्तुलन र राष्ट्रिय एजेन्डामार्फत भर्न सकेमा, एमाले नेपालको राजनीतिमा आफ्नो पुरानो साख र प्रभाव पुनर्जीवित गर्न सफल हुनेछ । एमालेको रिभाइब ओलीको बिदाइपछि मात्र सम्भव हुन्छ किनकि ओलीको व्यक्तित्व पार्टीको विचार र संगठनमाथि यति धेरै नकारात्मक सोच हाबी भयो कि यसले पार्टीको संस्थागत विकासलाई नै अवरूद्ध पारिदियो । अब ओली युगको अन्त्यसँगै आफ्नो जनमुखी, वैचारिक र लोकतान्त्रिक बाटोमा फर्किएर एमालेले पुनर्जीवन पाउन सक्छ ।

रिभाइबको अर्थ एमाले पार्टीले आफ्नो गुमेको साख, संगठनात्मक ऊर्जा, वैचारिक सन्तुलन र जनविश्वासलाई पुनः प्राप्त गर्दै ओलीको बिदाइपछि उत्पन्न हुने शून्यलाई सकारात्मक रूपमा भर्ने प्रक्रिया हो । एमाले रिभाइबका लागि संस्थागत पुनर्गठनअन्तर्गत आन्तरिक लोकतन्त्र पुनर्स्थापना गर्नुपर्छ । गुटगत राजनीतिलाई नियन्त्रण गरी पार्टी विधान र संस्थागत निर्णय प्रक्रियालाई सर्वोच्चता प्रदान गर्दै वैचारिक नवीकरणलाई जबजको सिद्धान्त समयको मागअनुसार सामाजिक न्याय, संघीयताको प्रभावकारिता र दिगो विकासका एजेन्डासँग जोडेर नयाँ पुस्ताका लागि आकर्षक बनाउनुपर्छ । एमालेलाई जनविश्वासको पुनर्लाभ लिन विगतका गल्तीको आलोचनात्मक समीक्षा गर्दै क्षमायाचनाको भावनासाथ जनतामाझ जानुपर्छ । साथै, सुशासन र जवाफदेहितालाई प्राथमिकता दिएर जनविश्वास जित्नुपर्छ । राष्ट्रिय राजनीतिमा आक्रामकभन्दा सहयोगी र सन्तुलनकारी भूमिका खेल्नु नै एमालेको रिभाइब हो ।

ओलीको बिदाइले पार्टीभित्रको आन्तरिक अवरोध हटाउँछ, जसले रिभाइबका लागि नयाँ ठाउँ र ऊर्जा सिर्जना गर्छ । ओलीको नेतृत्वमा पार्टीको क्षमतालाई व्यक्तिगत स्वार्थले ओझेलमा पारेको थियो । रिभाइबको सफलताका लागि पहिले त्यो ओझेल हटाउन ओलीको बिदाइ हुनैपर्छ । एमालेको रिभाइब तब मात्र सफल हुन्छ जब नयाँ नेतृत्वले ओलीको व्यक्तिगत ब्रान्डिङबाट बाहिर निस्केर जबजको नवीकृत र समसामयिक दर्शनलाई आत्मसात् गर्छ । यो नवीकरणले एमालेलाई केवल शक्ति प्राप्त गर्ने यन्त्रका रूपमा मात्र नभई राष्ट्रको वैचारिक दिशा दिने संस्थाका रूपमा पुनर्स्थापित गर्न सक्छ ।

नेपालको सामाजिक अस्तित्व अर्थात् भौतिक परिस्थिति अब पुरानो छैन । डिजिटल युग, भूमण्डलीकरणको प्रभाव र युवाको बढ्दो राजनीतिक चेतनाले परम्परागत राजनीतिको आधार अर्थ-राजनीतिक संरचनालाई हल्लाइदिएको छ । राजनीतिक नेतृत्व र दलहरूको कार्यशैली 'सुपर स्ट्रक्चर'को नयाँ आधारअनुरूप हुनुपर्छ ।

जब ओली नेतृत्वले पुरानो र जडवत् विचारको प्रतिनिधित्व गर्दै नयाँ सामाजिक-आर्थिक चेतनासँग मेल खाएन, तब त्यो मार्क्सवादी अर्थमा अप्रासंगिक हुनपुग्यो । अब ओलीको बिदाइ यो कुनै व्यक्तिगत निर्णय मात्र नभएर, बदलिँदो सामाजिक-आर्थिक आवश्यकता र चेतनाको दबाबबाट उत्पन्न भएको ऐतिहासिक अनिवार्यता हो । मार्क्सवादी सिद्धान्तअनुसार, कम्युनिस्ट पार्टी सधैँ सर्वहारा वर्गको हित र क्रान्तिको लक्ष्यप्रति समर्पित हुनुपर्छ । यदि नेतृत्व वर्गबाट विमुख भई व्यक्तिगत सत्ता वा भ्रष्ट अभ्यासमा रूमलिन्छ भने, पार्टीले आत्मसुधारको प्रक्रिया अपनाउनुपर्छ । एमालेको रिभाइबको प्रयासलाई यही आत्मसुधार र पुनर्गठनको प्रक्रियाका रूपमा हेर्न सकिन्छ । एमालेलाई फेरि बलियो बनाउन जनताको भौतिक अवस्था सुशासन, समृद्धि, रोजगारीसँग जोडेर अगाडि बढ्नुपर्ने बाध्यता सिर्जना भएको छ । पुरानो नेतृत्वशैली र नयाँ सामाजिक मागबिचको द्वन्द्वले एमालेलाई रिभाइबतर्फ डोऱ्याएको छ । ओलीको बिदाइ र एमालेको रिभाइबको प्रयास मार्क्सवादी सिद्धान्तको सच्चा अभ्यास तब मात्र हुनेछ, जब यसले नयाँ पुस्ताको मागलाई केवल नारामा मात्र सीमित नगरी, पार्टीको सैद्धान्तिक, आर्थिक र सामाजिक कार्यक्रममा ठोस रूपमा रूपान्तरण गर्न सक्छ । ओलीको बिदाइ र एमालेको रिभाइब भनेको केवल नेतृत्व परिवर्तन मात्र होइन, एमालेको वैचारिक र संगठनात्मक संरचनामा आमूल परिवर्तन गर्नु हो ।

एमालेको दिगो रिभाइब भनेको पार्टीको पुरानो अपरेटिङ सिस्टम वैचारिक संरचनालाई बदलिँदो सामाजिक-आर्थिक र प्राविधिक मागअनुसार आमूल परिवर्तन गरी 'अपग्रेड' गर्नु हो । साथै, ओलीको बिदाइलाई उनको व्यक्तिगत विश्राम मात्र नभई, पार्टीको संस्थागत स्वास्थ्यका लागि आवश्यक सर्जरीका रूपमा पनि हेर्न सकिन्छ । सक्रिय राजनीतिबाट बिदा लिँदा उनले आफ्नो कार्यकालमा गरेका ऐतिहासिक योगदानजस्तै संविधान निर्माण, नाकाबन्दी सामनालगायतलाई सुरक्षित राख्दै भविष्यमा हुने असफलताको भारी बोक्ने कार्यबाट मूक्त हुनु नै ओलीका लागि राम्रो हुन्छ । नेतृत्वमा परिवर्तन आउँदा, पार्टीले आफूमा सुधार आएको र जनताको अपेक्षालाई सम्बोधन गर्न तयार रहेको सकारात्मक सन्देश दिन सक्छ, जसले सार्वजनिक विश्वास बढाउँछ ।

ओलीले सक्रिय नेतृत्वबाट बिदाइ लिँदा, उनको व्यक्तिगत गरिमा र योगदान सुरक्षित रहने मात्र होइन, यसले एमालेलाई पुस्तागत बदलावको माग र जेन-जीको सन्देशलाई सम्बोधन गर्न आवश्यक आमूल परिवर्तनको अवसर दिनेछ । ओलीको बिदाइ एमालेका लागि बाध्यताभन्दा बढी परिवर्तनको मौका हो । ओलीले व्यक्तिगत मोहका कारण नेतृत्व नत्यागेमा, उनको राजनीतिक अवशान दर्दनाक प्रक्रियाबाट हुनेछ । उनी राजनीतिक रूपमा सक्रिय नै रहे पनि, वैचारिक रूपमा भने अवशानको अवस्था आउन सक्छ । ओलीले शक्तिको मोहमा अन्तिमसम्म लड्दा उनको आफ्नो सद्भाव, सम्मान र योगदानलाई धुमिल पार्नेछ, जसले उनको सम्पूर्ण राजनीतिक जीवनमाथि प्रश्न उठ्न सक्छ । त्यसकारण, ओलीले यो समयको मागसँगै स्वेच्छाले पद त्याग गरेमा उनलाई वरिष्ठ राजनेताको दर्जा एमालेका कार्यकर्ताले दिन सक्छन् । अब पार्टी र राष्ट्रका लागि सल्लाहकार र मार्गदर्शकका रूपमा सम्मानजनक भूमिकामा रहँदा नै ओलीको मात्र होइन, एमाले र देशकै कल्याण हुनेछ । *- नयाँपत्रिका*

भूराजनीतिक भुमरीका आयाम

शुभशंकर कँडेल

'काकिस्टोक्रेसी'को विषयमा गत वैशाखमा प्रकाशित लेखमा चर्चा गरेको थिएँ । विस्फोट यति धेरै शीघ्र रूपमा होला भन्ने अनुमान नभए पनि यसको नियति देशले भोग्नुपर्नेमा कुनै दुविधा थिएन । जेन-जी विद्रोहले 'काकिस्टोक्रेसी', 'क्लेप्टोक्रेसी' र 'जेरेन्टोक्रेसी' माथि एकै पटक ब्रजपातकै रूपमा प्रहार गऱ्यो । यो नै जेन-जी विद्रोहको सबैभन्दा ठूलो परिणाम हो ।

जेन-जी विद्रोहपछि हाम्रो सम्पूर्ण बहसमा षड्यन्त्र सिद्धान्तका तानाबानाले सार्वजनिक वृत्तमा कब्जा जमाएको छ । सामान्य रूपमा नेपाली समाजको संरचनात्मक अव्यवस्था, शासकीय निकम्मापन, अर्थराजनीतिक दुराचार र कूटनीतिक काइतेपनका कारण सिर्जित असन्तोषको विस्फोट नै पछिल्लो विद्रोह हो । यसलाई कतिपयले नियन्त्रित विध्वंस पनि भनिरहेका छन् । हरेक पक्ष र व्यक्तिका टिप्पणीमा 'तर' नामक निपात जोडिएर आउनु नै यतिबेलाको सबैभन्दा बढी स्वीकृत साझा भाष्य बनेको छ । सूचना प्रविधिको नवीनतम आयामले उत्पन्न अभूतपूर्व अवसर र चुनौतीको तकाजाभित्र नेपाल मात्र नभएर सिंगो विश्व नै अन्यमनस्कको पीडाबाट गुज्रिरहेका बेला हाम्रा शासकीय दल र तिनका मुखियाहरूको बासी डकार कुनै नौलो कुरा भएन । संसारभरका वृद्धतन्त्रको साझा प्रवृत्ति भनेको नै दोष जति अरूको टाउकोमा थोपरेर वीरता र कीर्तिमानको गाथा गाउनेखालको कहिल्यै निको नहुने प्रवृत्तिको प्रदर्शन हो । 'काकिस्टोक्रेसी' (अयोग्य र भ्रष्ट नेतृत्वको शासन) भ्रष्ट शासन व्यवस्था र शैलीका लागि षड्यन्त्र सिद्धान्त र राष्ट्रवाद तथा धर्म संस्कृतिको संरक्षणको भाष्य घातक अस्त्र हुन् । 'क्लेप्टोक्रेसी' मा भ्रष्ट राजनेताहरूले कानुनको शासनबाहिर गोप्य रूपमा आफूलाई धनी बनाउँछन्, लबिस्टहरू र कर्पोरेसनहरूबाट कमिसन, घूस र विशेष सुविधाहरूमार्फत वा उनीहरूले केवल राज्यको कोषलाई आफू र आफ्ना सहयोगीहरूतर्फ निर्देशित गर्छन् (कँडेल, कान्तिपुर, २०८२ वैशाख) । यही दुर्दान्त र अनिष्टकारी स्थितिको विद्रोह थियो, युवापुस्ताको आक्रोश ।

विद्रोहले सधैंभर सकारात्मक परिवर्तन ल्याउने 'ग्यारेन्टी' नभए पनि आमचाहना भने थप उन्नत अवस्थाकै हुन्छ । नेपाली इतिहासमा कहिल्यै नभएको विद्रोह र त्यसपछिको संक्रमणकाल व्यवस्थापनको जोरजाम जसरी गरियो, त्यसले बहुमुखी जटिलताका फणा फिँजाइरहेको छ । नेतृत्वको क्षमता, कुशलता र परिपक्वता प्रदर्शित हुने यस्तै संकटको बेलामा हो । तर दुर्भाग्य नै भन्नुपर्छ, नेपालले नेतृत्व पाउनुको बदला सबैखाले नेतृत्वलाई सराप्ने 'सडक पपुलिस्ट' लाई पायो । सडकको वाहवाही र सत्ताको संकटबीचको भेदमै सुशीला कार्की नेतृत्वको मन्त्रिमण्डल अल्मलिइरहने मात्र होइन, राजनीतिक विरासतको परिवारकी सदस्यको संकेतसमेत नदेखिनु साँच्चिकै विडम्बना हो । जे प्रश्न सत्ता र शासकलाई उनले उठाइरहेकी थिइन्, त्यसको त कमसेकम मर्यादा राखिनुपर्ने हो । प्रधानमन्त्रीको आसनबाट कसको मुख हेर्न मन छ र छैन भन्ने कार्कीको शैली र उनका पूर्ववर्ती ओलीले कुनै बेला आफ्ना सहकर्मी 'प्रचण्ड-नेपालहरूको मुख हेर्नुभन्दा त मरेको भए श्रद्धाञ्जली भन्ने थिएँ', 'मुख कुल्ला गर्छु' भन्ने निकृष्टताका बीचको कुनै भेद छ र ? अझ रमाइलो समानता छ- किन त्यसो भनेको भन्ने जिज्ञासाको ओठेजबाफका रूपमा भनिन्- 'मैले कहाँ भनें ? प्रेसले नकारात्मक कुरा फैलायो ।' जेन-जी विद्रोहले पक्कै ओलीको कार्बनपत्रका रूपमा अर्की वृद्ध नारी खोजेको पक्कै पनि थिएन ।

विचित्र रूपमा, अन्तर्राष्ट्रिय आर्थिक विश्वव्यापीकरणको वास्तविक मात्रा र प्रभाव प्रदर्शन गर्दै वैश्विक रङ क्रान्तिका लहरहरूले त्यहाँका सरकारहरू र राष्ट्रिय अर्थतन्त्रहरूको भूमिकालाई पुनः परिभाषित गरिरहेको छ । यसैबीच, वित्तीय संस्थाहरूको पुनःसंरचना सरकारहरूबीचको अन्तर्राष्ट्रिय राजनीतिको विषय बनेको छ । डेट्रोइटदेखि पेरिससम्म, सरकारहरूले मुख्य राष्ट्रिय उद्योगहरूलाई संरक्षण वा पुनःसंरचना गर्ने कदम चाल्दै गर्दा कर छलीका स्वर्गहरूमाथि कारबाही गर्न अपिल गर्दै छन् । यसखाले वैश्विक प्रतिस्पर्धा र रूझानका समयमा भूराजनीतिक रूपले सटीक चुम्बकीय नाभी बनेको नेपाल उनीहरूका लागि लगानीभन्दा बढी देशलाई थप खोक्रो पार्ने गरी खुफिया सूचना संकलन र षड्यन्त्र रणनीतिका लागि रकमको खोलो बगाउने स्वतः स्पष्ट छ । यही उपक्रमको अभिव्यक्ति बहुरूपावली दलको गठन, त्यसका लागि बहुरङ्गी पात्र र प्रवृत्तिको ताहुरमाहुरले राजनीतिक प्रणालीलाई अराजनीतिक लोकरिझ्याइँको प्रलापबाट नियन्त्रण गर्ने हानथाप प्रस्टै बुझ्न सकिन्छ ।

जुन तथ्य र परिवेशलाई ओली सरकारले बेवास्ता गर्दा अकल्पनीय दुर्घटना आइलाग्यो, त्यसभन्दा पनि अरू बढी पेचिलो स्थिति सुशीला सरकारका सामुन्ने खडा छ । यस सन्दर्भमा चीन र भारतबीच भएको एउटा ऐतिहासिक पत्राचारले अहिलेका लागि पनि अर्थपूर्ण सन्देश बोकिरहेको छ । नेपाल-भारत-चीन सम्बन्ध, दस्ताबेज (१९४७-२००५) को पहिलो खण्डमा चर्चा गरिएको एक पत्रमा, भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपालमा रहेका आफ्ना राजदूतले चिनियाँ प्रधानमन्त्री चाउएनलाईलाई दिएको जानकारी रोचक रूपले उपयोगी देखिन्छ यतिबेला । पत्रमा नेहरूले उल्लेख गरे अनुसार नेपाल र अमेरिकाबीचको सम्बन्ध र शीतयुद्धको समयमा नेपालको भू-राजनीतिक स्थिति तथा चीन-भारत सम्बन्धको तनावलाई ख्याल गर्न भनिएको छ । सायद यतिबेला पनि बेइजिङ र दिल्लीबीच काठमाडौंका सन्दर्भमा यस्तै परामर्श चलिरहेको हुनुपर्छ ।

छिमेकी भारतले नेपाल र नेपालमा उत्तरी छिमेकीको सहभागितालाई कसरी हेर्छ भन्ने बुझ्नु आवश्यक छ । 'पाकिस्तान, बंगालको खाडी र हिन्द महासागरका देशहरू (श्रीलंका, माल्दिभ्स, बंगलादेश र म्यानमार) मा ठूला परियोजना सुरू भएका छन् । नेपालमार्फत चीनले रणनीतिक हिमालयन करिडोर पनि निर्माण गर्दै छ । दक्षिण एसियामा बीआरआईका सबै परियोजनामा गरिएको कुल लगानी (प्रायः विभिन्न प्रकारका ऋणका रूपमा) अब १०० बिलियन अमेरिकी डलर नजिक पुगेको छ । बीआरआईबाहेक चीनले दक्षिण एसियाली स्टक बजारमा ठूलो प्रवेश गरेको छ र छिमेकीहरूको आन्तरिक राजनीतिमा पनि संलग्न हुन थालेको छ । श्रीलंकामा महिन्दा राजपक्षे शासन, नेपालमा कम्युनिस्ट पार्टीको एकता र विघटन हुँदै पाकिस्तान तथा म्यानमारमा सैनिक स्थापनाको राजनीतिक भूमिकालाई चीनको समर्थन जगजाहेर छ । पाकिस्तान र श्रीलंकामा बनाएका बन्दरगाहमा पनडुब्बीहरू डक गरेर सैनिक प्रयोजनमा प्रयोग गर्न चीनले हिच्किचाएको छैन, जसले उसका पूर्वाधार परियोजनाहरू रणनीतिक डिजाइनबिना नभएको स्पष्ट संकेत गर्छ । सांस्कृतिक मोर्चामा पनि बुद्ध धर्म प्रवर्द्धन, चिनियाँ भाषा, कन्फ्युसियस संस्थान र प्राविधिक (इन्जिनियरिङ तथा मेडिकल) शिक्षाका परियोजनामार्फत चीनले कुनै कसर छोडेको छैन (एसडीमुनि, साउथ एसिएन डिस्सकन पेपर: २०२०) ।

पछिल्लो पाँच वर्षमा यसखाले बुझाइलाई भारतीय प्रमुख सहरका सडकको भाषा बनाइएको परिवेशमा अमेरिका-भारत रक्षा सम्झौता र सहकार्यसमेतलाई स्मरण गर्ने हो भने व्यापारबाहेकका अधिकांश मोर्चामा वासिङटन र नयाँदिल्ली सँगै उभिएका छन् । थप, भारत अझै बढी चीनप्रति संशकित सुनिँदै छ । 'चीनको दक्षिण एसियाली धकेललाई भारतले आफ्नो महत्त्वपूर्ण रणनीतिक स्थानमा अतिक्रमण ठान्छ । भारतको परिधिमा चीनको बलियो उपस्थितिले एसिया र विश्वमा भारतको भूमिकालाई सीमित राख्नेछ र– चीनसँगको नसुल्झिएको सीमा तथा एसियामा प्रतिस्पर्धा र प्रतिद्वन्द्विताका क्षेत्रहरूलाई ध्यानमा राख्दा– आन्तरिक स्थिरता र क्षेत्रीय सुरक्षामाथि 'ड्यामोक्लिज' को तरबार झुन्ड्याइरहनेछ । यो कुरा विभिन्न समयमा विभिन्न तरिकाले सरकारी रूपमै व्यक्त भइसकेको छ (मुनि, उही) ।'

चीनको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' लाई भारतले आफ्नो प्रभाव क्षेत्रमा घेराबन्दीको प्रयासका रूपमा हेर्छ । यसलाई रोक्न मोदी सरकारले वैकल्पिक 'कनेक्टिभिटी' परियोजनाहरू जस्तै सागर, मौसम परियोजना र 'बीबीआईएन' लाई प्राथमिकता दिएर सार्कलाई मृतप्रायः बनाइदिएको छ । त्यसको मुखर कारण पाकिस्तान देखिए पनि बेइजिङ सार्कको नाभीमै पुगेको विश्लेषणका कारणले पनि हो भन्ने नेपालले हेक्का राख्न सकेको छैन । यस्तो संवेदनशील परिवेशमा चुनाव गरेर संक्रमण व्यवस्थापन गर्ने एक मात्र कार्यसूचीसहित नियुक्त सुशीला सरकार भने कुहिरोको कागजस्तै प्रतीत हुँदै छ । कार्कीको सतही स्थितिलाई दुरूपयोग गर्ने प्रपञ्चमा पश्चिमा शक्ति हदैसम्म उत्ताउलिने र चीन अरू बढी गहिरो शंकामा पर्ने अवस्थामा नयाँदिल्लीले कसरी सन्तुलन कायम गर्ने भन्नेमा घोत्लिइरहेको हुनुपर्छ ।

नेपालको अपार जलविद्युत् उत्पादनको सम्भावनाले यसलाई अमेरिकी विदेश नीतिको राडारमा समेत पार्दै आएको छ । अमेरिकाले ऊर्जा स्रोतका भू-रणनीतिक प्रभावलाई नजिकबाट नियालिरहेकै कारण ब्रह्मपुत्र उच्च बाँध र विद्युत् परियोजनामा नेपाललाई समेत घिसारेर पश्चिमी मिडियाले यथाशक्य हावा फुक्ने काम गर्दै आइरहेको अवस्थालाई पनि हामीले गम्भीरतापूर्वक ध्यान दिन जरूरी छ । मौकाको लाभ लिएर राजनीतिक सत्ताको रोटी सेक्न खोज्ने अनेकानेक प्रवृत्तिले आफ्ना परम्परागत मुखौटा फालेर सडकमा उत्रेका छन् । कतिसम्म भने 'माओवाद' बिना श्वास रोकिने डंका पिटिरहेकाहरू मार्क्सवादको समेत उच्चारण पनि नगर्ने गरी नांगिँदै सत्ताको तावामा छरपस्ट रोटीका टुक्रा समात्ने उद्यममा कुदिरहेका छन् । कथित पुराना भनिएका दलहरूलाई दपेटेर अराजनीतिक लोकप्रियतावादी नौटङ्कीहरूको उछलकुदले विश्वमञ्चमा नेपाली राजनीतिक समाजकै हुर्मत लिइरहेको छ । त्यसमाथि राजनीतिलाई निश्चित पुस्ताभित्र कैद गर्ने कोसिस केवल नेपाली समाजको संरचनागत संकट समाधान गर्नुपर्ने ऐतिहासिक चुनौतीलाई समाधान गर्नुमा भन्दा कसैको गोटी बनेर सत्तास्वाद लिने कुत्सित मनासायभन्दा बढी होइन भन्ने स्पष्टै छ । यही लहरमा नेपाली शासकीय सम्भ्रान्तहरूको पैतालादेखि टुप्पीसम्म वर्षौंसम्म राइँदाइँ गर्दै आएका पात्रहरू अझ बढी चर्को स्वरमा स्थितिलाई भाँड्नकै लागि राजनीतिक प्रदूषण फैलाउने खेतीमा व्यस्त भइरहनु डरलाग्दो खतरा हो भन्ने बुझ्नु उपयुक्त हुनेछ । भ्रष्टाचार, कुशासन र राज्य दोहनमा सतहका राजनीतिक पात्रभन्दा कैयौं गुना बढी अपराध कसैले गरेको छ भने देशको न्यायालय, प्रशासन र सुरक्षा संयन्त्रमा कब्जा जमाएका नोकरशाहहरू हुन् भन्ने स्पष्ट छैन र ? पछिल्लो पटक अमेरिकी राष्ट्रपतीय निर्वाचनका सन्दर्भमा वासिङटन पोस्टका सञ्चालक जेफ बेजोसले कोही पनि राष्ट्रपतिको उम्मेदवारलाई 'इन्डोर्स' नगर्ने निर्देशन दिने सन्दर्भमा भनेका थिए- 'जसरी चुनावमा विद्युतीय मतदान मेसिनले ठीक काम गरेर मात्र हुँदैन, आमरूपमा त्यसले सही तरिकाले काम गरेको छ भन्ने विश्वास पनि हुनुपर्छ, त्यही कुरा हाम्रो मिडिया (पत्रिका) का हकमा पनि लागू हुन्छ ।' सुशीला कार्कीको सरकारले सबै काम सुनियतपूर्ण नै गरिरहेर मात्र हुँदैन, त्यसरी काम गरिरहेको छ भन्नेमा आम जनता, मिडिया र राजनीतिक दलहरूमा पनि विश्वास हुनुपर्दछ । के कार्की मन्त्रिपरिषद् र त्यससँग सम्बन्धित तन्त्रले यस्तो छनक दिइरहेको छ त ? 'नेपोकिड्स' को भाइरलबाट बनेको सरकार त्यही भाइभतिजाबादमा फस्नुले के संकेत गर्छ ?

राजनीतिक शासन र प्रशासन चिनेजानेका चट्टेपट्टबाट गर्ने कि तुलनात्मक रूपले कुशल, सक्षम, योग्य तथा अनुभवीहरूबाट गर्ने भन्ने बहस धेरै पुरानो हो । अहिले उठेका प्रश्नको चित्तबुझ्दो जबाफ हरेक दिन यो सरकारले दिइरहेर आमरूपमा विश्वसनीय वातावरण बनाउनुपर्ने होइन र ? भदौ २३ को हत्याकाण्ड २४ गते बिहान नरसंहार हुने, तर २७ गतेपछि त्यो सन्दर्भ नै बिर्सने, सिंहदरबार लगायतका देशभरका संरचनामा दनदनी आगो बलिरहँदा बीच सडकमा खुशामदपछि प्रधानमन्त्री पद स्वीकार गरेको भन्ने खुलासाका बारेमा प्रधानमन्त्री कार्कीले आफ्नो धारणा सार्वजनिक गर्नु पर्दैन र ? जसको परिवार, राजनीति र पेसागत जीवनका बारेमा सबैभन्दा संगीन प्रश्नहरू उठिरहेका छन्, उसले नै चर्को कुरा गरेको पटक्कै सुहाउँदो भएन भन्दै कसैले प्रश्न उठाउँछ भने त्यसलाई कसरी अन्यथा भन्न मिल्छ ? यो त जसरी ओली बालकोट पनि होइन, गुन्डु पुग्दा पनि आफूलाई भीम मल्ल ठान्दै छन्, त्यसैगरी अन्तरिम सरकारका तन्त्रहरू स्वर्गबाट संकटमोचनका लागि धर्तीमा पदार्पण गरेका देवदूतजस्तो प्रहसन प्रदर्शन गर्नु उस्तै उस्तै भएन र ?

जेन-जी विद्रोह र उत्पन्न परिस्थितिमा भूराजनीतिक प्रतिद्वन्द्विता डरलाग्दो गरी टक्राइरहेको छ भन्नेमा आम धारणा बनेकै छ । यतिबेला कुनै पनि खालको संक्रमणकालीन जुगाड गरिन्छ भने त्यहाँ स्वाभाविक रूपमा पृष्ठभूमिका कारणहरूकै सम्झौता र सुलहले काम गर्ने स्वतः स्पष्ट छ । यो वास्तविकतालाई आत्मसात् गर्नेबित्तिकै सुशीलाको सरकारीतन्त्र राजनीतिक लिकमा फर्किन सक्छ । अन्यथा सुशीलाको बहिर्गमन त निश्चित नै छ, तर कुन रूपमा भन्ने प्रश्न न हो । ०६२-६३ पछि दोस्रो पटक यस्तो प्रयोग गरिएको छ । पहिलो प्रयोग खिलराज रेग्मीको मन्त्रिपरिषद् थियो, त्यसले आफ्नो जन्म र पृष्ठभूमि यथार्थपरक ढंगले नै आत्मसात् गरेका कारण बदनाम हुनु परेन । जसरी हेटौंडा महाधिवेशनबाट खिलराज प्रकरणको प्रचण्डले औपचारिक प्रवेश गराएका थिए, त्यसैगरी फागुनको चुनाव सर्ने प्रस्टै संकेत प्रचण्डले नै नुवाकोटको पञ्चकन्याबाट गरिसकेको परिवेशमा त्यसभन्दा बढी समय नलम्ब्याउने दिशामा दत्तचित्त हुनुको कुनै विकल्प छैन । *-कान्तिपुर*

अर्थतन्त्र चलायमान नभएपछि थप लचिलो बनाइयो मौद्रिक नीति

काठमाडौं । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको कार्यदिशा थप लचिलो बनाएको छ । सोमबार चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो त्रैमासिक मौद्रिक नीतिको समीक्षा गर्दै ब्याजदर करिडोरको माथिल्लो सीमा स्थायी तरलता सुविधा दरलाई ६ प्रतिशतबाट घटाएर ५.७५ प्रतिशत कायम गरेको छ । त्यस्तै, नीतिगत दरलाई ४.५० प्रतिशतबाट घटाई ४.२५ प्रतिशतमा झारेर मौद्रिक नीतिको कार्यदिशा थप लचक बनाइएको हो ।

ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहेको स्थायी निक्षेप सुविधा दरलाई भने २.७५ प्रतिशत यथावत् राखिएको छ । 'ब्याजदर करिडोरको तल्लो र माथिल्लो सीमाबिचको दूरी क्रमशः घटाउँदै नीतिगत दरलाई करिडोरको बिचमा कायम गर्ने उद्देश्यले स्थायी तरलता सुविधा दरलाई ६ प्रतिशतबाट घटाई ५.७५ प्रतिशत र नीतिगत दरलाई ४.५० प्रतिशतबाट घटाई ४.२५ प्रतिशत कायम गरिएको छ । ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहेको स्थायी निक्षेप सुविधा दरलाई २.७५ प्रतिशत यथावत् कायम राखिएको छ,' मौद्रिक नीतिको समीक्षामा भनिएको छ ।

तर, नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मौद्रिक नीति थप लचक भए पनि प्रभावकारिता भने नहुने बताए । अहिले 'लिक्विडिटी ट्र्याप'को अवस्था रहेको उनको भनाइ छ । 'अहिले लिक्विडिटी ट्र्यापमा परेको अवस्था छ । अर्थात्, बैंकहरूमा तरलता धेरै छ । ब्याजदर एकदमै न्यून हुँदा पनि कर्जाको माग बढ्न सकेको छैन । ब्याजदर थप घटाएर पनि कर्जाको माग बढ्ने अवस्था छैन । ब्याजदर थप घटाउने अवस्था पनि छैन,' उनले भने, 'यो अवस्थामा तरलता व्यवस्थापनका लागि थप रणनीति ल्याउनुपर्ने थियो । बैंकहरूले ननडेलिभरेबल फर्वार्ड (एनडिएफ)मा लगानी गर्न पाउने सीमा बढाउन सकिन्थ्यो । अनिवार्य नगद अनुपात (सिआरआरए)को सीमा बढाउन सकिन्थ्यो । तर, त्यतातिर ध्यान दिएको देखिएन ।'

कर्जाको माग बढ्न नयाँ उद्यम तथा उद्यमी आउनुपर्ने उनले बताए । 'अहिले वास्तविक क्षेत्र शिथिलजस्तै छ । बजारमा माग बढ्न सकेको छैन । ठुलो संख्यामा नेपाली बिदेसिएका कारण मागमा कमी आएको छ । त्यसमा पनि युवापुस्ता धेरै बाहिरिएका छन्,' उनले भने, 'अहिले नेपालमा नयाँ उद्यमी सिर्जना हुन सकेको छैन । उद्यम गर्यौं भन्ने नै देखिन्न । जागिर खोज्छन्, पाएनन् भने विदेश जान्छन् । नयाँ ऋणको माग हुन नयाँ उद्यमशीलताको विकास हुनुपर्छ, जुन भएको छैन । सरकारले पनि उद्यमशीलतालाई प्रवर्द्धन गर्ने नीति ल्याउन सकेको छैन ।'

आगामी १ माघदेखि एकपटकमा पाँच लाख वा सोभन्दा बढीको कारोबार गर्दा बैंक तथा वित्तीय प्रणालीमार्फत नै गर्नुपर्ने भएको छ । मन्त्रिपरिषद्को सोमबारको बैठकले नगद कारोबारको सीमा घटाएको हो । हाल १० लाख वा सोभन्दा बढीको कारोबार अनिवार्य रूपमा बैंकिङ प्रणालीबाट गर्नुपर्ने व्यवस्था छ । अब पाँच लाखभन्दा कमको कारोबार मात्रै नगदमा गर्न सकिनेछ । सरकारले पारदर्शिता कायम गर्न, भ्रष्टाचार न्यूनीकरण गर्न तथा औपचारिक अर्थतन्त्रलाई बढावा दिन नगदमा हुने कारोबारलाई निरूत्साहित गरेको सरकारी अधिकारीहरूले बताएका छन् ।

राष्ट्र बैंकले बाढीपहिरोजस्ता प्राकृतिक विपत्तिबाट प्रभावित उद्यमी-व्यवसायीको ऋणलाई पुनर्संरचना तथा पुनर्तालिकीकरण सुविधा दिने नीति पनि ल्याएको छ । दसैँलगत्तै आएको बाढीपहिरोले इलामलगायतका जिल्लाका उद्यम-व्यवसाय प्रभावित भएको छ । त्यसरी प्रभावित व्यवसायीलाई १० प्रतिशत ब्याजदर असुली गरेर यस्तो सुविधा दिइने भएको हो । यस्तै, मुद्दती निक्षेपको ब्याजदर व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत विन्दुले कम गर्नुपर्ने व्यवस्था पनि खारेज गरिएको छ ।

मौद्रिक नीतिको समीक्षा गर्दै व्यक्तिगत अधिविकर्ष (व्यक्तिगत ओभरड्राफ्ट) कर्जाको सीमा ५० लाखबाट बढाएर एक करोड पुऱ्याइएको छ । 'बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने व्यक्तिगत अधिविकर्ष कर्जाको विद्यमान सीमा ५० लाखबाट वृद्धि गरी एक करोड कायम गरिनेछ,' मौद्रिक नीतिमा भनिएको छ । यस्तै, लघुवित्त वित्तीय संस्थाबाट धितोमा प्रवाह गरिने कर्जाको सीमा पनि सात लाख रूपैयाँबाट बढाएर १५ लाख रूपैयाँ कायम गरिएको छ । साथै, लघुवित्तका ऋणीलाई पनि ऋण भुक्तानीको तालिका परिमार्जन गर्न सुविधा दिने मौद्रिक नीतिमा उल्लेख छ ।

'लघुवित्त वित्तीय संस्थाबाट धितोमा प्रवाह गरिने कर्जाको अधिकतम सीमा सात लाखबाट वृद्धि गरी १५ लाख कायम गरिनेछ,' मौद्रिक नीतिमा भनिएको छ, 'लघुवित्तका ऋणीहरूको कर्जा भुक्तानीमा पर्न गएको समस्यालाई ध्यानमा राखी कर्जा भुक्तानीको तालिका परिमार्जन गर्न सकिने व्यवस्था मिलाइनेछ ।'

यस्तै, बैंकहरूले विद्युतीय भुक्तानी कारोबार बढिरहेको तथा महानगरका शाखा समायोजन तथा एकीकरण गर्न पाउने नीति पनि ल्याएको छ । 'विद्युतीय भुक्तानी कारोबार बढिरहेको तथा महानगरपालिकामा बैंक तथा वित्तीय संस्थाका शाखा उल्लेख्य रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्था स्वयंले महानगरपालिकामा रहेका शाखा समायोजन-एकीकरण गर्न सक्ने व्यवस्था मिलाइनेछ,' मौद्रिक नीतिमा भनिएको छ ।

यस्तै, बैंक तथा वित्तीय संस्थामा घुसखोरी तथा भ्रष्टाचारविरूद्धको नीतिसम्बन्धी व्यवस्था गरिने पनि बताइएको छ । 'अन्तर्राष्ट्रिय असल अभ्यास र आन्तरिक रूपमा विकसित प्रचलनलाई दृष्टिगत गर्दै बैंक तथा वित्तीय संस्थामा पारदर्शिता, जवाफदेहिता र सुशासन अभिवृद्धिका लागि घुसखोरी तथा भ्रष्टाचारविरूद्धको नीतिसम्बन्धी व्यवस्था गरिनेछ,' मौद्रिक नीतिमा भनिएको छ ।

एकतामा बाँधिए गैरआवासीय नेपाली

काठमाडौं । चार वर्षदेखिको टुटफुट र विवादलाई सम्हाल्दै गैरआवासीय नेपाली संघ (एनआरएनए) एकताबद्ध भएका छन् । संघमा समानान्तर गतिविधि गर्दै आएका दुई अध्यक्ष डा. बद्री केसी र महेश श्रेष्ठले प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा समझदारीपत्रमा हस्ताक्षर गर्दै एकता घोषणा गरेका हुन् ।

केसी ३० असोज ०८० मा आयोजित ११औँ अन्तर्राष्ट्रिय महाधिवेशनबाट निवार्चित अध्यक्ष हुन् भने श्रेष्ठ गत वैशाखमा भएको एकता महाधिवेशनबाट निर्वाचित भएका हुन् । दुवै पक्षबिच विवाद हुँदा ९० देशमा फैलिएको संघ कमजोर भएको भन्दै सरकारको अग्रसरतामा दुवै पक्षबिच सहमति भई एकता घोषणा भएको हो ।

संघलाई एकताबद्ध गर्न आयोजित कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीले सबै मनोमालिन्यलाई मेटाएर संघलाई एकसूत्रीय अभियानमा लैजान सुझाव दिइन् । 'भाइ फुटे गवार लुटे भन्ने त थाहै छ, त्यसैले मिलेर जाँदा राम्रो सन्देश जान्छ, फुटेर कतै पुगिन्न,' उनले भनिन् । सञ्चारमन्त्री जगदीश खरेलले एनआरएनलाई गैरराजनीतिक बन्न आग्रह गरेका छन् ।

दुवै पक्षबिच भएको सहमतिअनुसार आगामी ६ महिनाभित्र महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरिने भएको छ । त्यतिन्जेल संघको अध्यक्ष केसी रहने, तर पदाधिकारी र सदस्य भने श्रेष्ठ नेतृत्वको कार्यसमितिबाट हुनेछन् । यस्तो सहमतिपछि श्रेष्ठले संघको नेतृत्व तत्कालै छाडेका छन् । केसी र श्रेष्ठ दुवै कार्यसमितिलाई पूर्ण कार्यकाल मान्ने तथा दुवैले पूर्वअध्यक्षको हैसियत पाउने पनि सहमति भएको छ । त्यसैगरी, ०७८ मा आयोजित दसौँ महाधिवेशनमा चयन भएका चारजना अध्यक्षलाई पनि मान्यता दिने सहमति भएको छ । त्यतिवेला एउटा समूहबाट बद्री केसी, कुल आचार्य र रबिना थापा तथा अर्को समूहबाट विनोद कुँवर अध्यक्ष भएका थिए । सहमतिअनुसार यी चारैजनाले संघको पूर्वअध्यक्षको मान्यता पाएका छन् ।

त्यसैगरी, ११औँ महाधिवेशनमा पनि दुईजना अध्यक्ष चयन भएका थिए । केसीले धाँधली गरेको आरोप लगाउँदै ललितपुरको होटेल हिमालयमा आरके शर्माले अध्यक्ष घोषणा गर्दै कार्यसमिति बनाएका थिए । आइतबार भएको सहमतिअनुसार शर्मालाई पनि पूर्वअध्यक्षको मान्यता दिइने भएको छ । एनआरएनले विभिन्न अदालतमा दायर गरेका मुद्दा फिर्ता लिने तथा आपसी समन्वयमा समाधान गर्ने सहमतिसमेत भएको छ । त्यस्तै, दुवै कार्यसमितिले गरेको खर्चलाई पारदर्शी बनाउन स्वतन्त्र लेखा परीक्षक नियुक्ति गरेर मूल्यांकन गरिने भएको छ ।

खेलकुद

पुस २५ गतेदेखि राष्ट्रिय लिग सुरु गर्ने एन्फाको निर्णय

अखिल नेपाल फुटबल संघ (एन्फा) को सोमबार सातदोबाटोमा बसेको आपतकालीन बैठकले राष्ट्रिय लिग आगामी पुस २५ गतेबाट सञ्चालन गर्ने निर्णय गरेको छ ।

झन्डै तीन महिना चल्ने लिगमा कम्तीमा १ सय ५३ खेल समावेश गर्ने लक्ष्य राखिएको एन्फाले जानकारी दिएको छ ।

पहिलेदेखि १० क्लब सहभागी हुने व्यवस्था रहे पनि यो पटक सहभागी हुन इच्छुक सबै क्लबलाई अवसर दिनेगरी लिग खुला गरिएको छ। त्यसैले १० क्लब मात्रै भए डबल राउन्ड रोबिन शैलीमा गर्ने र १७ भन्दा धेरै क्लब भए सिंगल राउन्ड रोबिन शैलीमा गर्ने एन्फा सदस्य पुरूषोत्तम थापाले जानकारी दिए। आपतकालिन बैठकबाट यो लिगको बजेटसमेत पास भएको छ। एन्फाले फिफाको सहयोगमा तीन जिल्लामा निर्माण गर्ने भनेको फुटबल मैदानको ठेक्का पनि प्रदान गरेको छ ।

लोएस्ट बिडर इडल ग्लासलाई ठेक्का प्रदान गरिएको हो। यसैगरी एन्फाले साफ पुरूष तथा महिला फुटसल प्रतियोगितामा सहभागी बन्ने निर्णय पास गरेको छ भने एन्फा प्रेसिडेन्ट लिगको आयोजना स्वीकृत गरेको छ ।

हालान्डले छोए सय गोलको उपलब्धि

म्यानचेस्टर सिटीले इंग्लिस प्रिमियर लिगमा मंगलबार फुलहममाथि नाटकीय ५-४ को नाटकीय जित हात पारेको छ । त्यसमा इर्लिङ हालान्डले लिगको सयौं गोलको उपलब्धि छोएका छन् ।

उनी प्रिमियर लिगमा सबैभन्दा चाँडै सय गोल गर्ने खेलाडी पनि बनेका छन् । उनले सिटीका लागि १ सय ११ खेलमा सय गोल गरेका हुन् । हालान्डले न्युकासलका एलान सिएररको नाममा रहेको कीर्तिमान उछिनेका हुन् । सिएररले १ सय २४ खेलमा सय गोल गरेका थिए । फुलहममाथिको जितमा भने फिल फोडेनले दुई गोल गरे । यो नतिजापछि सिटीको १४ खेलबाट २८ अंक भएको छ र यो शीर्षमा रहेको आर्सनलसँग दुई अंकको दूरी हो ।

मंगलबारका अन्य खेलमा एभरटनले बर्नमाउथलाई १-० ले हरायो भने न्युकासल युनाइटेड र टोटनहमले २-२ को बराबरी खेले ।

लगातार तीन बराबरीपछि रियल मड्रिडको जित

१८ मंसिर, काठमाडौं । स्पेनिस ला लिगा फुटबलअन्तर्गत गएराति भएको खेलमा रियल मड्रिडले जित हासिल गरेको छ । यसअघि लगातार तीन बराबरी खेलेको रियलले गएराति एथ्लेटिक क्लबलाई उसैको मैदानमा ३-० गोलअन्तरले पराजित गरेको हो ।

धधरियलको जितमा किलियन एमबाप्पेले दुई गोल गर्दा एडुअर्डो कामाभिङ्गाले एक गोल गरे । खेलको सातौं मिनेटमा एमबाप्पेले गोल गर्दै रियललाई अग्रता दिलाएका थिए । ४२औं मिनेटमा कामाभिङ्गाले गोल गरेपछि रियल पहिलो हाफमा २-० ले अगाडि रह्यो । दोस्रो हाफको ५९औं मिनेटमा एमबाप्पेले दोस्रो गोल गर्दै रियलको ३-० को जित पक्का गरे । जितपछि रियल १५ खेलमा ३६ अंक जोडेर दोस्रो स्थानमा यथावत् छ । पराजित एथ्लेटिक क्लब २० अंकसहित आठौं स्थानमा छ ।

शीर्षस्थानको बार्सिलोना रियलभन्दा एक अंक अघि छ । रियलले यसअघि लगातार तीन बराबरी खेल्दा बार्सिलोनाले लगातार जित हासिल गर्दै रियललाई उछिनेर शीर्षमा पुगेको थियो ।

कर्पोरेट

● ग्लोबल आइएमई बैंकको मोबाईल बैंकिङ्ग प्रयोगकर्तालाई आइफोन १७ जित्ने मौका

काठमाडौ । ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको मोबाइल बैंकिङ्ग-ग्लोबल स्मार्ट प्लसबाट कम्तिमा ३ पटक फोनपे नेटवर्कमार्फत रकमान्तर गर्दा आइफोन १७ जित्ने योजना सार्वजनिक गरेको छ । यस योजनाअन्तर्गत बैंकले मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरू मध्य उक्त कारोबार गर्ने दुई जना भाग्यशाली ग्राहकहरूलाई आइफोन १७ प्रदान गर्नेछ ।

साथै, यस योजनाअनुसार बैंकका मोबाईल बैंकिङ्ग प्रयोगकर्ताले फोनपे डाइरेक्टमार्फत् रकमान्तर गर्दाको भिडियो सामग्री आफ्नो सामाजिक सञ्जालमा राखे वापत हरेक दिन (योजना अवधिभर) सामसुङ इएरबड जित्ने समेत अवसर रहेको छ ।

यो योजना मंसिर १५, २०८२ देखि पौष २५, २०८२ सम्म लागू रहनेछ । यस योजनामा सहभागी हुन योजना अवधिभर ग्लोबल स्मार्ट प्लसबाट फोनपे डाइरेक्टप्रयोग गरी न्यूनतम् ३ पटक रकमान्तर गरेको हुनपर्ने छ । ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ ।

ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ । बैंकले रेमिट्यान्स सेवामार्फत नेपाली नागरिकहरूलाई विश्वभरबाट आर्थिक सेवा उपलब्ध गराउँदै आएको छ । अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत र जोर्डनजस्ता देशहरूबाट बैंकले रेमिट्यान्स सेवा संचालन गर्दै नेपालमा आर्थिक समृद्धिमा योगदान पुऱ्याउँदै आएको छ ।

● नबिल बैंकको अन्तर्राष्ट्रिय भुक्तानी सेवा २७ शाखामा विस्तार

नबिल बैंक लिमिटेडले देशभरका विभिन्न २७ वटा शाखामा अन्तर्राष्ट्रिय भुक्तानी सेवा विस्तार गरेको छ । यसअघि बैंकको केन्द्रीय कार्यालयसहित सीमित शाखामा उपलब्ध यो सेवा अब अन्य शाखामा पनि विस्तार हुन लागेको बैंकले जनाएको छ ।

'बैंकको यो सेवा यसअघि तीनधारास्थित केन्द्रीय कार्यालयसहित पुतलीसडक, महाराजगन्ज, विराटनगर र पोखरास्थित शाखा कार्यालयमा मात्रै उपलब्ध थियो, अब भने काठमाडौं उपत्यकाका १७ सहित २७ शाखामा सेवा विस्तार गर्न लागिएको छ,' बैंकका नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईंले बताए । बैंकका अनुसार यो सेवा अब उपत्यकाभित्रका तीनधारा, पुतलीसडक, महाराजगन्ज, भाटभटेनी, कुलेश्वर, ठमेल, त्रिपुरेश्वर, बिजुलीबजार, मैतीदेवी, हलचोक, सातदोबाटो, कौशलटार, बानेश्वर, गुंसिगाल, कोटेश्वर, भैंसेपाटी, जोरपाटीस्थित शाखामा उपलब्ध हुनेछ ।

साथै, उपत्यकाबाहिर इटहरी, वीरगन्ज, बिर्तामोड, हेटौंडा, बुटवल, भैरहवा, नारायणगढ, नेपालगन्ज, विराटनगर र पोखरास्थित बैंकका शाखा कार्यालयमा यो सेवा उपलब्ध हुने बताइएको छ । बैंकको डिजिटल सेवा तथा अन्तर्राष्ट्रिय बैंकिङ पहुँचलाई थप सुदृढ बनाउनका लागि सेवा विस्तार गरिएको डिसिइओ बजगाईंले जानकारी दिए । नबिल अनलाइन पेमेन्ट सेवामार्फत ग्राहकले सहज र सुरक्षित ढंगले अन्तर्राष्ट्रिय रूपमा भुक्तानी गर्न सक्नेछन् ।

● एनएमबि बैंक र एनसिएचएलबिच अनलाइन पेमेन्टका लागि सहकार्य

एनएमबि बैंकले नेपाल क्लियरिङ हाउससँगको सहकार्यमा कार्डमा आधारित अनलाइन पेमेन्ट गेटवे सञ्चालन गर्ने भएको छ । पेमेन्ट गेटवेको सुविधामार्फत बैंकले फिजिकल मर्चेन्टजस्तै अनलाइन मर्चेन्ट गरी उक्त बैंकका अनलाइन मर्चेन्टहरूले जुनसुकै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंकहरूबाट जारी गरिएको भिसा र मास्टरकार्डमार्फत भुक्तानी प्राप्त गर्न सक्नेछन् ।

बैंकले नेपालमा ई-कमर्स ट्रान्जेक्सनलाई प्रवर्द्धन गर्ने उद्देश्यले अनलाइन पेमेन्ट गेटवे सञ्चालनमा ल्याएको हो । यस पेमेन्ट गेटवेले थ्रिडी सेक्युअर प्रविधि प्रयोग गरी ग्राहकका कार्ड भुक्तानीहरूलाई थप सुरक्षित बनाउनुका साथै अनधिकृत कारोबारको जोखिम पनि न्यूनीकरण गर्ने जनाइएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पेमेन्टहरू सपोर्ट गर्ने भएकाले उक्त पेमेन्ट गेटवेले मर्चेन्टहरूलाई आफ्नो व्यवसायको दायरा विस्तार गर्न थप सहज हुने बैंकको विश्वास छ । अनलाइन वा ई-कमर्समा आधारित मर्चेन्टहरूले उक्त पेमेन्ट गेटवेमा आबद्ध हुन बैंकसँग सम्पर्क राखी आवश्यक प्रक्रिया र प्राविधिक व्यवस्था गरेपश्चात् उक्त सेवा आफ्नो पोर्टलमा इन्टिग्रेट गर्न सक्नेछन् ।

● कुमारी बैंक र आरोग्य वेल केयर क्लिनिकबिच छुट सम्झौता

कुमारी बैंक लिमिटेड र आरोग्य वेल केयर क्लिनिक प्रालिबिच छुट सम्झौता गरिएको छ । सम्झौताअनुसार बैंकका ग्राहकले सो क्लिनिकबाट प्रदान गरिँदै आएको सेवामा शतप्रतिशतसम्म छुट पाउनेछन् । इलेक्ट्रोकार्डियोग्राम (इसिजी)मा शतप्रतिशत, इकोकार्डियोग्राम, २४ घण्टा एम्बुलेटरी रक्तचाप अनुगमन- एबिपियम, २४ घण्टा होल्टर इसिजी, एन्डोस्कोपी, कोलोनोस्कोपी र अल्ट्रासाउन्ड सोनोग्राफीमा ५० प्रतिशत, डाक्टर परामर्शमा ३० र प्रयोगशाला परीक्षणमा २५ प्रतिशतसम्मको छुट दिने सम्झौतापत्रमा उल्लेख छ । बैंकका देशभरमा तीन सय दुई शाखा सञ्जाल, तीन सय १७ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ४८ शाखारहित बैंकिङ इकाइ सञ्चालनमा छन् ।

● एनसेलको 'एनपिएल प्ले प्याक' सञ्चालनमा

एनसेलले नेपाल प्रिमियर लिग (एनपिएल) दोस्रो संस्करणको डिजिटल स्ट्रिमिङ पार्टनर डिसहोमसँगको सहकार्यमा ग्राहकका लागि एनपिएल प्ले प्याक सञ्चालनमा ल्याएको छ । यो प्याकका साथ ग्राहकले डिसहोम गो एपमार्फत हाल भइरहेका खेलको मज्जा आफ्नै मोबाइलमा लिन सक्नेछन् ।

ग्राहकले एनपिएलका खेल सहजै हेरून् भन्ने उद्देश्यका साथ प्ले प्याक सञ्चालनमा ल्याइएको एनसेलले जनाएको छ । ग्राहकले बन्डल भएर आउने थप डेटा र सुविधाका आधारमा करसहित दुई सय ९९ रूपैयाँ पर्ने यो प्याक लिन सक्नेछन् । प्याकमा खेलको लाइभ मज्जा लिन डिसहोम गो एपमा सहज पहुँच सुनिश्चित गरिएको छ । २८ दिनका लागि मान्य रहने एक जिबी डेटा बन्डल सेवाका रूपमा पाउनेछन् । प्याक लिएपछि आफ्नो मोबाइल नम्बरमा प्राप्त एसएमएपसमार्फत डिसहोम गो एप लगइन गरी एनपिएलका खेल हेर्न सकिने बताइएको छ । एनसेलले एनपिएलसँग पहिलो संस्करणमा जस्तै दोस्रो संस्करणमा पनि 'पावर्ड वाई'का रूपमा सहकार्य जारी राखेको छ ।

● लक्ष्मी सनराइज बैंकको 'डिजिटल डिसेम्बर' अभियान सुरु

लक्ष्मी सनराइज बैंकको 'डिजिटल डिसेम्बर-२०२५' सुरू भएको छ । डिजिटल बैंकिङ प्रवर्द्धन गर्ने वार्षिक अभियानको सातौँ संस्करण 'इम्पावरिङ इन्टरप्राइजेज'को नारासहित देशव्यापी रूपमा उद्यम डिजिटलाइजेसनमा केन्द्रित रहने बैंकले जनाएको छ । डिसेम्बर महिनाभर चल्ने अभियानमा बैंकका डिजिटल प्लाटफर्मलाई देशभरका व्यवसायको कारोबारका लागि प्राथमिक च्यानलका रूपमा स्थापित गर्ने लक्ष्य राखेको बताइएको छ । अघिल्ला वर्षका उपभोक्ताकेन्द्रित अभियानबाट यस वर्ष उद्यमकेन्द्रित डिजिटल रूपान्तरणतर्फ महत्वपूर्ण फड्को मारेको बैंकले जनाएको छ ।

यो अभियानले घरेलु, साना तथा मझौला उद्यम, कर्पोरेट संघ-संस्था तथा प्रतिष्ठान, खुद्रा तथा थोक विक्रेता, आइटी, वित्त, स्वास्थ्य सेवा, शिक्षा र आतिथ्यलगायतका सबै क्षेत्रका उद्यमलाई समावेश गर्ने बताइएको छ । उद्यमीहरूलाई डिजिटल बैंकिङका माध्यमबाट सक्रिय बनाउँदै उच्च मूल्यको नगद तथा चेक कारोबारलाई डिजिटल च्यानलमा रूपान्तरणा गर्ने र एपिआई तथा होस्ट-टु-होस्ट कनेक्टिभिटीमार्फत ग्राहकको प्रणालीबाट सीधै भुक्तानी गर्न मिल्ने माध्यम सहजीकरण गर्ने विषयमा केन्द्रित बैंकको भनाइ छ । यसअन्तर्गत बैंकले ई-कमर्स व्यवसायका लागि निर्बाध भिसा र मास्टरकार्डमार्फत भुक्तानी प्राप्त गर्ने माध्यम, कर्पोरेट संघ-संस्थाका कर्मचारीलाई अन कार्ड-भर्चुअल क्रेडिट कार्ड र भिसा क्रेडिट कार्डको प्रवर्द्धन गरिनेछ ।

● इलामका बाढीपहिरो प्रभावितलाई सांग्रिलाले दियो न्यानो कपडा

सांग्रिला डेभलपमेन्ट बैंकले इलामका बाढीपहिरो प्रभावितलाई न्यानो कपडा हस्तान्तरण गरेको छ । १५ मंसिरमा आयोजित बेग्लाबेग्लै कार्यक्रममा इलामको सूर्योदय नगरपालिकाका मेयर रणबहादुर राई र इलाम नगरपालिकाका मेयर केदार थापालाई न्यानो कपडा हस्तान्तरण गरिएको हो । दुवै कार्यक्रममा बैंककी मार्केटिङ विभाग प्रमुख अर्पणा बज्राचार्यले सामग्री हस्तान्तरण गरेकी हुन् ।

बैंकका अनुसार सूर्योदय नगरपालिकाका बाढीपहिरो प्रभावितलाई तीन सय ५० वटा ज्याकेट र दाताहरूबाट संकलित सात बोरा न्यानो कपडा वितरण गरिएको छ । त्यस्तै, इलाम नगरपालिकाका प्रभावितलाई एक सय ७५ वटा ज्याकेट र दाताहरूबाट संकलित पाँच बोरा न्यानो कपडा हस्तान्तरण गरिएको बताइएको छ । बैंकले देशभरका एक सय नौ शाखा कार्यालय र ३० वटा एटिएममार्फत सेवा प्रवाह गर्दै आएको छ ।

● कुमारीको अगुवाइमा नारखोला हाइड्रोमा जुट्यो लगानी

सिंगटी हाइड्रोको मुख्य लगानीमा ६१ मोगावाटको नारखोला हाइड्रो इनर्जी जलविद्युत् आयोजना निर्माण कुमारी बैंकको अगुवाइमा वित्तीय ऋण लगानी सम्झौता भएको छ । सोमबार नारखोला हाइड्रो इनर्जी प्रालिका अध्यक्ष बटु लामिछाने र कुमारी बैंकका प्रमुख क्षेत्रीय कर्जा अधिकृत अर्पण पोखरेलले हस्ताक्षर गरेका हुन् । मनाङस्थित नार्पा भूमि र नासोङ गाउँपालिकामा रहेको नारखोला र सोतीखोलाको पानीलाई एकीकृत गरी ६१.११ मेगावाट आयोजना निर्माण प्रक्रिया अघि बढाइएको हो । उक्त आयोजनामा कुमारी बैंकसहित नेपाल एसबिआई बैंक, कृषि विकास बैंक, एनआइसी एसिया बैंक र मुक्तिनाथ विकास बैंकले लगानी गर्नेछन् ।

आयोजनाको कुल लागत १२ अर्ब ८४ करोड रूपैयाँ छ । जसमा बैंकको कर्जा नौ अर्ब ६३ करोड र स्वपुँजी तीन अर्ब २१ करोड रहेको छ । सिंगटी हाइड्रोको मुख्य लगानी रहने कम्पनीले जनाएको छ । आयोजनाले तीन वर्षभित्र विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारणमा जोड्ने तयारी गरेको छ ।

आयोजनाको हेडरेस टनेल लगभग आठ किलोमिटर हुनेछ भने हेडवर्क्सका संरचना नार्पाभूमि गाउँपालिकामा हुने र उक्त बाँधस्थलबाट सुरूङमार्ग हुँदै नासोङ गाउँपालिकामा रहने विद्युत्गृहमा पानी पठाई बिजुली उत्पादन गरिने बताइएको छ ।

● समृद्धि फाइनान्सको वित्तीय साक्षरता

समृद्धि फाइनान्स लिमिटेड, पोखरा शाखाले हिमाल कलेज अफ म्यानेजमेन्ट वित्तीय साक्षरता कार्यक्रम गरेको छ । मध्यवर्ती स्तर र बिबिए प्रथम सेमेस्टरका विद्यार्थीलाई लक्षित गरी आयोजित उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्था (बिएफआई)सम्बन्धी जानकारी प्रदान गरिएको थियो ।

कार्यक्रम फाइनान्सका शाखा प्रबन्धक दीपककुमार श्रेष्ठको नेतृत्वमा भएको थियो । कार्यक्रममा बिएफआईको कार्यक्षेत्र, रोजगारीका अवसर, बैंक वर्गीकरण तथा सहकारीबिचको भिन्नताजस्ता विषयमा विद्यार्थीलाई विस्तृत जानकारी प्रदान गरिएको बताइएको छ ।सहभागी विद्यार्थीले कार्यक्रम जानकारीमूलक र उपयोगी रहेको प्रतिक्रिया दिए ।

● पर्यटन बोर्ड र नेपाल एयरलाइन्सबिच समझदारी

नेपालका पर्यटन उत्पादनहरूको अन्तर्राष्ट्रिय बजारमा संयुक्त प्रवर्द्धन गर्न पर्यटन बोर्ड (एनटिबी) र नेपाल वायुसेवा निगम (एनएसी)बिच सहकार्य गर्ने समझदारी भएको छ ।

दुवै संस्थाले विश्वभरका पर्यटन मेलादेखि डिजिटल क्याम्पेन, फ्याम ट्रिप, संयुक्त प्रचारप्रसार, मेगा इभेन्ट तथा ब्रान्डिङसम्मका गतिविधि सहकार्यका आधारमा सञ्चालन गर्ने सहमति जनाएका छन् ।

समझदारीपत्रअनुसार बोर्डले विदेशी पर्यटन मेलाहरू, सेल्स मिसन, रोड सो, पत्रकार सम्मेलन, फ्याम ट्रिपलगायत सबै प्रमुख प्रवर्द्धनात्मक कार्यक्रमहरूमा नेपाल एयरलाइन्सलाई 'पार्टनर एयरलाइन'का रूपमा निःशुल्क सहभागिता प्रदान गर्नेछ । निगमले पनि आफ्ना उडान गन्तव्यहरूमा एक सय किलोसम्मका प्रवर्द्धन सामग्री निःशुल्क लैजान दिने, संयुक्त कार्यक्रमका लागि उपहार टिकट उपलब्ध गराउने सुविधा प्रदान गर्ने व्यवस्था मिलाएको छ ।

● कामना सेवा विकासलाई अग्राधिकार सेयर जारी गर्न बोर्डको स्वीकृति

नेपाल धितोपत्र बोर्ड (सेबोन)ले कामना सेवा विकास बैंकलाई अग्राधिकार सेयर जारी गर्न सोमबार अनुमति दिएको छ । बोर्डले नौ प्रतिशत लाभांश तोकिएको प्रतिकित्ता १०० अंकित दरमा ३५ लाख कित्ता अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासनका लागि अनुमति दिएको हो । यस बैंकको १८औँ वार्षिक साधारणसभाले अग्राधिकार सेयर जारी गर्ने प्रस्ताव पारित गरेको थियो । उक्त सेयर जारी गरेसँगै बैंकको पुँजीगत संरचना थप सुदृढ हुने, पुँजीकोष बढ्न जाने तथा व्यवसाय विस्तारको अवसर बढ्ने बैंकले जनाएको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई पुँजीकोष सबलीकरण गर्नका लागि हकप्रद सेयरको विकल्पका रूपमा सर्कुलरमार्फत अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्ने बाटो खुलाएको थियो ।

● एनआइसीले नेपाल पे कार्ड जारी गर्ने, एनसिएचएलसँग सम्झौता

एनआइसी एसिया बैंक र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच रणनीतिक सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी (सिइओ) अधिकृत सुजितकुमार शाक्य र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन् । यससँगै बैंकले एनसिएचएलद्वारा सञ्चालित स्वदेशी कार्ड योजनाअन्तर्गतको नेपाल पे कार्ड जारी गर्नेछ । यस सम्झौताले बैंकलाई नेपालको राष्ट्रिय भुक्तानी स्विचमा पूर्ण रूपमा एकीकृत हुन मद्दत गर्नुका साथै स्वदेशी कार्डका रूपमा परिचित नेपाल पे कार्ड जारी गर्न बाटो खुलाउनेछ ।

● पुनर्निर्माण कोषमा नेपाल लाइफको डेढ करोड सहयोग

नेपाल लाइफले सरकारको भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा डेढ करोड रूपैयाँ सहयोग गरेको छ । सोमबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबिच कम्पनीका सञ्चालक समिति अध्यक्ष गोविन्दलाल संघई, सञ्चालक कमलेशकुमार अग्रवाल र प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रवीणरमण पराजुलीले संयुक्त रूपमा सो रकमबराबरको चेक अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई हस्तान्तरण गरेका हुन् ।

गत २३-२४ भदौमा भएको जेन-जी प्रदर्शन र आन्दोलनका क्रममा देशभरिका सार्वजनिक भौतिक संरचनामा भएको क्षतिको पुनर्निर्माण, आर्थिक पुनरूत्थान तथा राहतलगायत कार्यका कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको हो ।

● कामना सेवा विकास र पारस हस्पिटलबिच सम्झौता

कामना सेवा विकास बैंकले मोरङ, विराटनगरस्थित पारस अस्पतालसँग सेवा शुल्क छुटसम्बन्धी सम्झौता गरेको छ । सम्झौतापत्रमा बैंकका तर्फबाट कोशी प्रदेश प्रमुख खिमलाल भुसाल र अस्पतालका अध्यक्ष सफिउर रहमानले हस्ताक्षर गरे । सम्झौतापश्चात् बैंकका कर्मचारी र ग्राहकले अस्पतालले प्रदान गर्ने विभिन्न सेवा-सुविधामा ५० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । बैंकका ग्राहकले बैंकसँगको आबद्धता भएको प्रमाणका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिने बताइएको छ । यो सहकार्यबाट बैंकसँग आबद्ध सम्पूर्ण ग्राहकले लाभ लिनेछन् ।

प्रधानमन्त्रीको...

विज्ञप्तिमार्फत जानकारी गराउँदै आफ्नो विरोध प्रदर्शन सफल भएको र विरोध प्रदर्शनमा व्यापक घुसपैठ भएको बताउँदै जेनजीहरूलाई आ आफ्नो घर जान आग्रह गरिएको थियो । तर आपराधिक समूहका व्यक्तिहरूले जेनजीहरूलाई घर फर्किन नदिई आन्दोलनमा सरिक गराएका थिए । संसद भवनमा तोडफोड र आगजनी हुन थालेपछि गोली चलेको थियो । गोली लागेर काठमाडौमा १७ र इटहरीमा २ जनाको निधन पश्चात् २४ गते त्यसैलाई लिएर विध्वंशात्मक कार्यहरू भए ।

जेनजीहरूको विरोध प्रदर्शनमा सुशिला कार्की समेत उपस्थित भएर भड्काउ भाषण दिएकी थिइन् भने कार्की सहितका हालका गृहमन्त्री ओमप्रकाश अर्याल सहितका व्यक्तिहरू एउटा विदेशी नियोगको कार्यालयमा बसेर षड्यन्त्रको खाका बनाउँदै गरेको भिडियो सार्वजनिक भएको छ । कार्की नै र गृहमन्त्री नै सहभागि भएको सो भिडियोका बारेमा आजसम्म प्रधानमन्त्री कार्की र सो विषयमा समेत अनुसन्धान हुनु आवश्यक रहेका छ । पछिल्लो समयमा प्रधानमन्त्री कार्कीका बोली फेरिएको छ । म खुसीले प्रधानमन्त्री बनेकी होइन राष्ट्रपतिले प्रधानमन्त्री नबन्ने भए देशद्रोही घोषणा गरिदिन्छु भनेपछि प्रधानमन्त्री बन्न राजि भएँ भनेर । फेरी जेनजीहरू रुँदै प्रधानमन्त्री बनिदिनुहोस् भन्न आएकाले प्रधानमन्त्री बनेकी हुँ भन्दै कुर्लिरहेकी छन् । तोकिएको मितिमा निर्वाचन गराउने म्याण्डेट पाएकी कार्कीले पछिल्लो समयमा सरूवा, बढुवा, राजदूत फिर्ता, भूमिसम्बन्धी आयोग खारेज जस्ता कार्यहरू गरेको भएपनि आफैंले महान्यायाधिवक्तामा नियुक्त गरेकी सविता भण्डारी भ्रष्टाचारको काण्डमा मुछिँदा त्यस विषयमा एक शब्दसम्म बोल्न चाहेकी छैनन् । भण्डारी डिम्व प्रकरणमा मुछिएकी छन् । आफ्नै लगानी भएको संस्थाले नावालक युवतीहरूको डिम्ब निकालेर महंगो मूल्यमा निसन्तान दम्पत्तिहरूलाई बेचेको आरोप भण्डारीमाथि लागेको छ । प्रहरीले अनुसन्धान गरि मुद्दा चलाउन सिफारिस गर्दा भण्डारीले मुद्दा नचलाउने निर्णय गरेकी हुन् ।

प्रधानमन्त्री कार्कीले आफ्नो स्वकीय सचिव राख्दा र उनको सिफारिसमा आफ्नै श्रीमती र नाताका व्यक्तिहरू प्रधानमन्त्रीको सचिवालयमा राख्दा प्रधानमन्त्री कार्कीले आँखा चिम्लिएकी थिइन् तर त्यस विषयमा समाचारहरू प्रकाशित भएपछि उनीहरूलाई हटाइयो । स्वकीय सचिव आदर्श श्रेष्ठलाई हटाइएन निज श्रेष्ठ सर्बोच्च अदालतका अस्थायी सुब्बा हुन् । कार्की नै प्रधानन्यायाधिश भएका बेला श्रेष्ठले मुद्दाको पेशीमा कार्कीसँग सम्बन्ध बनाएकी थिए । यसरी जेनजीहरूकै जगमा प्रधानमन्त्री बन्न सफल भएकी कार्कीले राजनीतिक दलका नेताहरू शेर बहादुर देउवा, केपी ओलीको अनुहार हेर्ने मन छैन भन्ने अभिव्यक्ति दिनु षड्यन्त्रको पहिलो खुड्किलो हो । जेनजीहरूको आन्दोलन र सुशिला कार्की प्रधानमन्त्रीमा नियुक्त हुनु र संसद विघटन गर्नुले समस्याको समाधान होइन अझ समस्या थपिँदै जाने निश्चित जस्तै भएको छ । निर्वाचन सम्पन्न भएपनि सो निर्वाचनले समेत समस्याको समाधान गर्न सक्ने सम्भावना न्यून रहेकाले यदि समस्याहरू अझ बल्झिए त्यसको जिम्मेवारी राष्ट्रपति र प्रधानमन्त्री कार्कीले नै लिनुपर्दछ ।

सरकारबाटै..

विरूद्ध सर्बोच्च अदालतमा परेको रिटमा निर्णय गर्दै सर्बोच्चले सरकारले गरेको निर्णय कार्यान्वयन नगर्न आदेश दिएकोमा सर्बोच्च अदालतकै पूर्व प्रधानन्यायाधिश प्रधानन्त्री रहेका बेला सर्बोच्च अदालतको आदेश उल्लंघन भएको छ भने हालै मात्र कार्की सरकारले अघिल्लो सरकारले निकै पहिला गठन गरेको भूमिसम्बन्धी आयोग समेत खारेज गरेको थियो। सो विषयमा सर्बोच्च अदालतमा मुद्दा परेपछि सर्बोच्चले सरकारको निर्णय बदर गरिदिएको छ । यसरी पूर्व प्रधानन्यायाधिश नै सरकार प्रमुख हुँदा समेतसर्बोच्च अदालतको आदेश कार्यान्वयन नगरि उल्लंघन हुनुले पूर्व प्रधानन्यायाधिश कार्कीको आलोचना हुँदै आएको छ ।

निर्वाचन प्रयोजनका लागि असम्वैधानिक तवरले प्रधानमन्त्रीमा नियुक्त भएकी प्रधानमन्त्री कार्कीले असम्वैधानिक कार्य गर्न कुनै नौलो कुरा होइन । सर्बोच्च अदालतले छोटो अवधिको सरकारले दीर्घकालिन असर पर्ने निर्णयमा चासो राख्नु नहुने ठहर गर्दै निर्णयहरू बदर गर्ने आदेश दिएको भएपनि यसभन्दा अघिका सरकारले गरेका निर्णयहरू उल्टाउँदै केही भ्रष्ट व्यक्तिहरूलाई नियुक्ति दिने तयारीमा कार्की सरकार रहेकाले गर्दा जेनजीहरूले उठाएको सुशासन र भ्रष्टाचारविरूद्धको मुद्दालाई कार्की नेतृत्वको सरकारले हावामा उडाईदिएको छ । निर्वाचनको लागि बनेको सरकारले भूमिसम्बन्धी आयोग खारेज गर्न नमिल्ने ठहर गरेपनि सरकार भने अर्को निर्णय गरेर फेरी आयोग गठन गर्ने र आफ्ना व्यक्तिहरूलाई आयोगको पदाधिकारीमा नियुक्ति गर्ने रणनीतिमा लागेको छ ।

सत्तामा नपुगुन्जेल सबै मान्छे कानुनको पालक हुन्छन् भन्ने प्रमण कार्की र कार्की सरकारका मन्त्रीहरूले दिएका छन् । सत्तामा पुगेपछि हेर्दै त कार्की सरकारका मन्त्रीहरूको चालामाला । केही मन्त्रीहरूले बाहेक अन्य मन्त्रीहरू फेरी उही पहिलाकै मन्त्रीको चालमा रहेका छन् ।

प्रधानमन्त्री कार्की...

ठुला राजनीतिक दलका नेताहरूसँग १ पटक पनि सम्वाद समेत गरेकी छैनन् । उल्टो ठुला दलका अध्यक्ष र सभापतिको मुखसम्म हेर्न आफूलाई मन नलागेको बताएकी छन् । निर्वाचन निर्वाचनका लागि नभएर समस्या समाधानका लागि हुनुपर्दछ । तर सरकार प्रमुखले कस्तो खालको निर्वाचन प्रधानमन्त्रीले चाहेकी छन् भन्ने प्रश्न समेत उठेको छ ।

जेनजीहरूको विरोध प्रदर्शनको जगमा टेकेर पूर्व प्रधानन्यायाधिश कार्की प्रधानमन्त्री नियुक्त हुनु नै संविधानको ठाडो उल्लंघन हो । संविधानले पूर्व प्रधानन्यायाधिश र सर्बोच्च अदालतका न्यायाधिशहरूलाई मानवअधिकार आयोग बाहेक बाहेक अन्य ठाउँमा नियुक्तिको बाटो बन्द गरेको अवस्थामा आवश्यकताको सिद्धान्त भन्दै प्रधानमन्त्री नियुक्त गर्नु र तिनै प्रधानमन्त्रीको सिफारिस संसद विघटन गर्न दुवै असम्वैधानिक कार्य हो । संसद बाहेक अरू कसैले प्रधानमन्त्रीमामा नियुक्त गर्न सक्दैन । कार्की प्रधानमन्त्रीमा नियुक्ति हुँदा संसद जिवितै थियो । कार्कीले आफूँ प्रधानमन्त्रीमा नियुक्त भैसकेपछि मात्र संसद विघटन गर्न राष्ट्रपतिलाई सिफारिस गरेकी हुनाले संसद विघटन समेत असम्वैधानिक रहेको छ । भाद्र २४ गते तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजिनामा दिँदा समेत सम्वैधानिक प्रक्रियामा संसदबाटै सिफारिस भएका व्यक्तिलाई प्रधानमन्त्रीमा नियुक्त गर्न राष्ट्रपतिलाई पत्रमार्फत सिफारिस गरेका थिए । उक्त कुरा तत्कालिन प्रधानमन्त्रीले बताउँदै आएका छन् । कार्की प्रधानमन्त्रीमा नियुक्त हुनु अघि कामचलाउन प्रधानमन्त्रीमा ओली नै रहेका र उनले संसद विघटन गर्ने सिफारिस समेत नगरेको र संसद जिवित छँदै संसदको सदस्य समेत नभएका व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गरिनु संविधानको ठाडो उल्लंघन मात्र नभएर जनताको मतको समेत अवमूल्यमन गर्नु हो ।

टपरीमा खाना...

त्यही कारणले माओवादी सहित माधव नेपाल लगायतका पार्टीहरू मिलेर नेपाली कम्युनिष्ट पार्टीको निर्णय गर्दा तत्कालिन माओवादीका नेताहरूले दाहालको साथ छोडेका छन् । दाहाललाई नेतृत्व हस्तान्तरण गर्न दवाव दिएका जनार्दन शर्मा, राम कार्की, सुदन किराँती लगायत सयौं नेता तथा कार्यकर्ताहरूले उनको साथ छोडेका छन् ।

आफूँ नेपाली जनताको हितका लागि लडेको झुठो अफवाह फैल्याउनकै लागि उनी पटक-पटक नाटक मञ्चन गरिरहेका छन् । हालै लुम्बिनी प्रदेशको आमसभामा सम्बोधन गर्न पुगेका दाहालले थारू बस्तीमा पुगेर थारूहरूले बनाएको खानाका टपरीमा खाएर आफू थारूहरूकै पक्षमा रहेको उद्घोष गरेका थिए । कुनै बेला डा. बाबुराम भट्टराई प्रधानमन्त्री रहेका बेला उनले महोत्तरीमा पुगेर मुसहरले मारेर ल्याएको मुसाको अचार खाएर आफू महुसहर जस्तै भएको अभिव्यक्ति दिएका थिए । अहिले उनी यता न उताका भएका छन् । दाहालको पनि हालत त्यस्तै हुने निश्चित रहेको र जनतालाई एक दुई दिन ढाट्न सकिन्छ । तर जहिले सुकै ढाँट्न सकिँदैन भन्ने प्रमाणित पार्टीको नाम फेर्दै हिड्नुले नै पुष्टि गरेको छ ।

जेनजीहरुको...

गर्न सकेकी छैनन् ।

विघटित प्रतिनिधिसभाका दुई ठुला दलहरू निर्वाचनको लागि तयार नभएको अवस्थामा निर्वाचन हुन सक्दैन । निर्वाचनका लागि १४३ दलहरूले दर्ता भएका भएपनि उनीहरूको जनतामा कुनै पहुँच नभएको र उनीहरू जनताको माझमा समेत पुग्न नसकेका हुनाले र जनतासँग प्रत्यक्ष सम्पर्कमा नेपाली कांग्रेस र नेकपा एमाले नै भएकाले उनीहरूले तल्लो तहका आफ्नो नेता तथा कार्यकर्ताहरूलाई चुनावका लागि परिचालन नगरेसम्म निर्वाचन हुन सक्दैन । नेकपा एमालेले प्रधानमन्त्री कार्कीको नियुक्ति र संसदन विघटन असम्वैधानिक ठहर गर्दै प्रधानमन्त्रीको नियुक्ति र संसद विघटनलाई असम्वैधानिक भन्दै पुर्नस्थापनाका लागि सर्बोच्च अदालतमा रिट निवेदन दायरा गरिसकेको छ सर्बोच्च अदालतको सम्वैधानिक इजलासले कारण देखाउ आदेश समेत जारी गरिसकेको छ । कांग्रेसले समेत संसद विघटन र प्रधानमन्त्रीको नियुक्ति असम्वैधानिक भनिसकेको अवस्थामा अब अदालतले दिने निर्णय नै अन्तिम हुने र निर्वाचन हुने नहुने टुँगो त्यसबेला मात्र लाग्नेछ । जेनजीहरूले आफ्नो विरोध प्रदर्शनलाई हाइज्याक गरिएको बताएका थिए तर आजसम्म उनीहरूलाई कारबाही गरिएका छैन किन सरकार ?

भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनमा घुसपैठ गरेकै व्यक्तिहरू अहिले सरकारमा रहेको र जेनजीहरूले समेत आफ्नो विरोध प्रदर्शनलाई हाइज्याक गरेर केही स्वार्थी व्यक्तिहरूले फाइदा उठाइरहेका बताउँदै आएका र जेनजीहरू निर्वाचनमा गएपनि खास सफलता उनीहरूले नपाउने र त्यसको फाइदा हाइज्याक गर्नेहरूले उठाउने निश्चित जस्तै छ ।

अनधिकृत व्यापारमा निगरानी गर्न गृहमन्त्रीलाई आग्रह

काठमाडौं । नेपाल-भारत खुला सीमा क्षेत्रबाट हुने अनधिकृत व्यापारमा कडाइका साथ निगरानी गर्न गृहमन्त्री ओमप्रकाश अर्याललाई निजी क्षेत्रले आग्रह गरेको छ । पछिल्लो समय भारतले घरेलु उपभोग बढाउन जिएसटी घटाउने र समायोजन गर्ने नीतिगत निर्णय गरेसँगै नेपालमा अनधिकृत व्यापार हुने सम्भावना बढेको भन्दै नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की)ले गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै यस्तो आग्रह गरेको हो ।

'पछिल्लो समय भारत सरकारले आफ्नो देशका उत्पादनलाई बजारमा प्रतिस्पर्धी बनाई मार्ग कायम राख्न तथा घरेलु उपभोगलाई बढाउन रणनीतिक रूपमा जिएसटी घटाउने र समायोजन गर्ने नीतिगत निर्णय गरेको छ,' संघले भनेको छ, 'यससँगै भारतीय दैनिक उपभोग्य वस्तु तथा अन्य सामानको अधिकतम खुद्रा मूल्य उल्लेख्य रूपमा घटेको छ, जसले गर्दा ती वस्तुहरू नेपालको उत्पादनभन्दा सस्ता हुन पुगेका छन् ।'

सरकारले कच्चा तथा तयारी वस्तुहरूको भन्सार महसुल तथा करका दरमा समयानुकूल परिवर्तन नगरेको, उत्पादन लागत घटाउने राहत कार्यक्रम नल्याएको र उद्योगमैत्री नीतिगत समायोजन नगरेका कारण नेपाली उत्पादनहरू भारतीय उत्पादनसँग मूल्य प्रतिस्पर्धामा टिक्न गाह्रो अवस्थामा पुगेको संघले जनाएको छ ।

'यही मूल्यअन्तरकै कारण हाल अनधिकृत व्यापार अत्यधिक बढ्दा नेपाली उद्योग तथा औपचारिक व्यापारलाई गम्भीर रूपमा असर परी अप्रतिस्पर्धी बनाइरहेको र घरेलु बजारमा अव्यवस्थित तरिकाले सामानको अनौपचारिक प्रवाह तीव्र भएको स्थिति छ,' संघले उल्लेख गरेको छ । अनधिकृत व्यापार नियन्त्रणका लागि २२ भन्सार नाकामा कडाइका साथ निगरानी बढाउन व्यवसायीले आग्रह गरेका छन् ।

रूपन्देही उद्योग संघमा सल्लाहकार समिति

रूपन्देही । रूपन्देही उद्योग संघले सल्लाहकार चयन गरेको छ। नवनिर्वाचित अध्यक्ष कृष्णप्रसाद पराजुलीले एक प्रेस विज्ञप्ति जारी गर्दै संघको सल्लाहकार समिति मनोनीत गरेको जानकारी गराएका छन् ।

संघको सल्लाहकार समिति संयोजकमा संघका पूर्वअध्यक्ष माधवप्रसाद पौडेल, सदस्यहरूमा अस्मिता कापी उद्योग बुटवलका सञ्चालक ऋषिबहादुर भण्डारी, मनकामना हाइड्रो इलेक्ट्रिक प्रोडक्ट्रसका सञ्चालक हिरामणि भट्टराई, त्रिशक्ति फर्निचर उद्योगका सञ्चालक सुरेन्द्र झवाली, धनगढी ढुवानी सेवाका सञ्चालक माधव नेपाललाई मनोनयन गरेका छन् । त्यस्तै, लालहरि पाण्डे (आर्थिक), ज्ञानप्रसाद अर्याल (प्राविधिक) र रामप्रसाद आचार्य (प्रेस) सल्लाहकारमा मनोनयन भएका छन् । संघको गत कात्तिक २२ गते सम्पन्न २४औं अधिवेशनबाट निर्वाचित अध्यक्ष पराजुलीले संघको विधानको अधिकार प्रयोग गरी सो सल्लाहकार समिति गठन गरेको संघका प्रमुख कार्यकारी अधिकृत यादवप्रसाद भण्डारीले जनाएका छन् ।

एमाले...

सहभागी थिए । महाधिवेशनका लागि जिल्ला र प्रवासहरूबाट प्राप्त प्रतिनिधिको सूचीलाई केन्द्रीय सङ्गठन विभागले अन्तिम रूप दिने कार्य गरिरहेको बैठकमा जानकारी गराइएको छ ।

गत मङ्सिर १३ गते सबै मातहतका कमिटी र जनसङ्गठनमा देखिएका विवाद समाधान भएपछि प्रतिनिधि सूची पूर्णरूपमा केही दिनमै टुङ्गो लाग्ने जनाइएको छ । ओखलढुङ्गा र धनकुटाका विवाद बाहेक अन्यका महाधिवेशन प्रतिनिधिको सूची तयार भइसकेको छ ।

बैठकपछि उपमहासचिव झवालीले महाधिवेशनका सबै तयारीहरू उत्साहजनक रूपमा अगाडि बढिरहेको जानकारी दिनुभयो । महाधिवेशनमा करिब दुई हजार चार सय भन्दा बढी प्रतिनिधि सहभागी हुने प्रारम्भिक अनुमान गरिएको छ । देशभरका प्रदेश, जिल्ला, जनसंगठन तथा मोर्चा संगठनहरूबाट चयन हुने प्रतिनिधिहरूले नेतृत्वसम्बन्धी महत्त्वपूर्ण निर्णयमा सहभागी हुनेछन् ।

तत्कालिन...

संसदले चिन्दै नचिन्ने व्यक्तिलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने अधिकार नेपालको संविधानले राष्ट्रपतिलाई दिएको छैन भने पहिला संसद जिवित हुँदै प्रधानमन्त्रीमा नियुक्त गर्ने अनि तिनै प्रधानमन्त्रीको सिफारिसमा संसद विघटन गर्नु संविधानको मात्र उल्लंघन नभएर सम्वैधानिक प्रक्रियाकै उल्लंघन हो । त्यही कारणले गर्दा भाद्र २४ गते तत्कालीन कार्यवहाक प्रधानमन्त्री रहेका केपी ओलीले राष्ट्रपतिलाई लेखेको पत्र तत्काल सार्वजनिक गरिनुपर्दछ ।

विभिन्न समूहमा झुठको खेती गर्दै आफ्नो स्वार्थ पूरा गर्दै आएका पुष्पकमल दाहालले मंसिर १४ गते नेपाली कम्युनिष्ट पार्टीको दाङमा भएको आससभामा सुशिला कार्कीलाई म र माधव नेपालले रातभर बसेर प्रधानमन्त्री बनाएका हुँ भनेका छन् । होइनको दाहाल को हुन् ? प्रधानमन्त्री बनाउने हैसियत उनको के ? कतै तत्कालिन प्रधानमन्त्री केपी ओलीलाई हटाउन दाहाल नेपाल लगायत सितल निवास पनि षड्यन्त्रमा सहभागि थियो कि ? भनेर जनताले किन प्रश्न नगर्ने ?

जेनजीहरूको विरोध प्रदर्शन हुन भन्दा ३/४ दिन अघि दाहालले भाषणा गर्दै भनेको थिए अबको ३/४ दिनमा ठुलो आन्दोलन हुन्छ, लाखौं मान्छे सडकमा आउँछन् त्यसपछि ओली सरकार ढल्छ अनि प्रधानमन्त्री बन्ने पालो मेरो आउँछ भन्दै आन्दोलनमा सक्रियरूपमा सहभागि हुन आफ्ना नेता तथा कार्यकर्ताहरूलाई निर्देशन समेत दिएका थिए । विरोध प्रदर्शन भयो । घुसपैठ गरेर सरकारी संरचनालाई ध्वस्त बनाईयो तर दाहाल प्रधानमन्त्री हुन पाएनन् उनले रास्वपालाई रविलाई बाहिर निकाल्ने आश्वासन पनि आश्वासनमै सिमित भयो भने अहिले मैले नै कार्कीलाई प्रधानमन्त्री बनाएको हुँ भन्नुको अर्थ के ?

प्रधानमन्त्रीकै कारण...

नातावाद, कृपावाद र भ्रष्टाचार विरोधी छवीमा पनि उनी प्रधानमन्त्री बनेपछि धुमिल हुनबाट बच्न सकिनन् । खासगरी सरकारको सल्लाहकार महान्यायाधिवक्ता सविता भण्डारी र आफ्नो प्रमुख स्वकीय सचिव आदर्श कुमार श्रेष्ठ प्रधानमन्त्रीका कमजोरी बने । महान्यायाधिवक्ता सविता भण्डारी नै नेपोबेबी हुन् उनी न्याय क्षेत्रका हस्ती कृष्ण प्रसाद भण्डारीकी छोरी हुन् । नेपोबेबी टेडिङ्ग भएर बनेको सरकारका लागि यी दुवै पात्र छनोटका लागि आफैंमा चोटिलो व्याँग्य हो । श्रेष्ठ सर्बोच्च अदालतका अस्थायी सुब्बा हुन् । उनीसँग रातारात विशिष्ठ श्रेणीको प्रधानमन्त्रीको स्वकीय बन्ने मेरिट हुन्थयो भने उनी बर्षौंदेखि अस्थायी सुब्बामा रहने थिएनन् । यी दुईको नियुक्तिमा प्रधानमन्त्री नराम्रोसँग चिप्लिएकी छन् भने नेताहरूको अनुहार नै हेर्न समेत मन छैन भनेर अर्को कलंकको टिका समेत लगाएकी छन् ।

बिजुलीको सुरक्षित प्रयोग गरौं ।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार